का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ फागुन २०७८, शुक्रबार
18 February 2022, Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु
वर्ष २०, अंक १३, पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## माओवादी–समाजवादी प्रस्ताव

# गतिरोध हटे एमसीसीमाथि छलफल





एमसीसी पास गराउन काँग्रेसले एक मतले निर्णय गरेका हौं । त्यसमा लागिरहेको छु । फेल पनि हुनसक्छ, पास पनि हुन सक्छ । थाहा छैन ।

**शेरबहादुर देउवा**
प्रधानमन्त्री



पाँच दललाई कसरी बचाउने र एमसीसीबारे कसरी निकास दिने भन्ने छ । सकेसम्म गठबन्धन जोगाउनेमा जोड छ ।

**पुष्पकमल दाहाल प्रचण्ड**
अध्यक्ष, माओवादी केन्द्र

बालुवाटारमा बिहीबार साँझ बसेको सत्ता गठबन्धनको बैठकमा शीर्ष नेताहरु । तस्वीरः रोशन सापकोटा

**बिहीबार दिनभर**
- एमाले अध्यक्ष केपी शर्मा ओली र काँग्रेस नेता मिनेन्द्र रिजालबीच भेट
- प्रधानमन्त्री देउवा र प्रचण्डबीच भेटवार्ता
- एमसीसी पास र फेल भएपनि मान्नुपर्ने प्रधानमन्त्रीको अभिव्यक्ति
- माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाको बैठक
- गठबन्धन जोगाउनमा जोड रहेको प्रचण्डको भनाइ
- बालुवाटारमा सत्ता गठबन्धनको बैठक
- एमाले अध्यक्ष ओलीलाई भेट्न प्रधानमन्त्री बालकोटमा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ फागुन ।

सत्ता गठबन्धनबीच साझा धारणा बन्न नसकेपछि आज बस्ने प्रतिनिधिसभामा पनि अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) पेश नहुने भएको छ । बिहीबार साँझ संसद् सचिवालयले आजको प्रतिनिधिसभा बैठकको कार्यसूचीमा एमसीसी राखेको छैन । दिउँसो १ बजे बस्ने बैठकको कार्यसूची एक दिन अगाडि नै सार्वजनिक भयो, तर एमसीसी राखिएको छैन ।

सभामुख अग्निप्रसाद सापकोटाले पनि एक दिन अगाडि नै कार्यव्यवस्था परामर्श समितिको बैठक बोलाएका छन् । बिहीबार सूचना जारी गरी सभामुख सापकोटाले आज बिहान ११ बजे परामर्श समितिको बैठक बोलाएका छन् । प्रतिनिधिसभाको कार्यसूची, परामर्श समितिको बैठक र प्रधानमन्त्री शेरबहादुर देउवा बालकोट पुग्नु लगभग एकैपटक जस्तो देखियो, त्यो पनि बालुवाटारमा सत्ता गठबन्धनको बैठक सकिएपछि ।

गठबन्धनको बैठकमा भने नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवासँग प्रतिनिधिसभा बैठक सञ्चालन भए एमसीसीबारे पुनर्विचार गर्ने सर्त राखेका थिए । सत्ता साझेदार यी दुई दलले नेकपा एमालेले प्रतिनिधिसभाको गतिरोध हटाएमा छलफलका निम्ति एमसीसी संसद्मा पेश गर्न तयार हुने सर्त राखेका छन् ।

स्रोतका अनुसार, पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपालले यो सर्त प्रधानमन्त्री देउवालाई पहिले नै पठाएका थिए ।

त्यो सन्देश लिएर काँग्रेस नेता मिनेन्द्र रिजाल बिहीबार बिहान ओलीलाई भेट्न बालकोट पुगेका थिए । यसपछि विभिन्न पक्षबीच भेटवार्ता भयो । प्रधानमन्त्री देउवासँग प्रचण्डले वान अन वान वार्ता गरे । यसपछि प्रधानमन्त्री देउवाले राजधानीमा आयोजित एक कार्यक्रममा सार्वजनिक अभिव्यक्ति मार्फत् एमसीसी अनुमोदनबारे संसद्ले गर्ने निर्णय मान्नुपर्ने बताएका थिए ।

लगत्तै माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाका नेताहरुको अलग्गै छलफल भयो । यो छलफलपछि प्रचण्डले गठबन्धन जोगाउनमा जोड दिएको बताए । दिनभर भएको छलफल पछि साँझ ६ बजेतिर गठबन्धनको बैठक बसेको थियो । तर गठबन्धनको बैठक निष्कर्षमा पुग्न सकेन । प्रधानमन्त्री देउवाले एमसीसी अगाडि बढाउने अडान लिए ।

जवाफमा प्रचण्ड र माधव नेपालले भने अहिलेकै अवस्थामा एमसीसी अगाडि बढाउन नसकिने अडान लिए । तर प्रधानमन्त्री देउवाले संघीय संसद्को गतिरोध हटाउनेबारे एमालेलाई मनाउन सकेमा एमसीसी छलफलका निम्ति संसद्मा पेश गर्न दिने प्रस्ताव गरेका छन् । एक नेता, सत्ता गठबन्धनभित्रको संकट भने टरिनसकेको बताउँछन् । "एमसीसीकै कारण

– बाँकी पृष्ठ २ मा

## बालकोट पुगे देउवा



प्रधानमन्त्री देउवा पत्नी आरजु राणासहित एमाले अध्यक्ष ओली निवासमा । तस्वीर सौजन्यः एमाले नेता विष्णु रिजाल

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ५ फागुन ।

प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले बालकोट पुगेर नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेटेका छन् । अध्यक्ष ओलीलाई भेट्न प्रधानमन्त्री देउवा पत्नी आरजु सहित बालकोट पुगेका थिए । प्रधानमन्त्री भएपछि देउवा पहिलोपटक विपक्षी दलका नेता ओलीलाई भेट्न बालकोट पुगेका हुन् । यसअघि एकपटक ओली र देउवाबीच भेटवार्ता भएको थियो ।

> एमसीसीबारे सत्ता गठबन्धनबीच साझा धारणा बन्न नसकिरहेका बेला एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न प्रधानमन्त्री शेरबहादुर देउवा बालकोट पुग्नुलाई अर्थपूर्ण रुपमा हेरिएको छ ।

यो भेटलाई अर्थपूर्ण मानिएको छ । किनकि प्रधानमन्त्री देउवाले बिहीबार बिहान पनि एमाले अध्यक्ष ओलीसँग छलफल गर्न नेताहरू ज्ञानेन्द्र बहादुर कार्की र मिनेन्द्र रिजाललाई पठाएका थिए । दुई नेताहरूसँग छलफलपछि ओलीले प्रधानमन्त्रीले सहकार्य चाहेको अवस्थामा स्पष्ट प्रस्ताव आउनुपर्ने सन्देश पठाएका थिए । साँझ २ घण्टाको छलफलमा पनि एमसीसी टेबुल गर्ने विषयमा गठबन्धनबीच सहमति नजुटेपछि ओली फकाउन देउवा बालकोट पुगेका हुन् ।

तर, सञ्चारमन्त्री एवं नेपाली कांग्रसका नेता ज्ञानेन्द्र बहादुर कार्की भने आजको सदनमा एमसीसी टेबुल हुने बताउँछन् । 'संसदलाई कसरी सुचारू गरिने, एमसिसीलाई कसरी संसदमा लैजाने भन्नेबारे छलफल

– बाँकी पृष्ठ २ मा

मानवीय लापरबाही नै कोभिड संक्रमणको मुख्य कारण हो । सानो असावधानीले पनि महामारीको रूप लिन सक्दछ । कसैलाई सामान्य मात्र प्रभाव पार्ने सरुवा रोग सबैका लागि ज्यान लिने कारण बन्न सक्दछ । त्यसैले सचेत रहौं, स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## शंकासहित तयारी




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ फागुन ।

निर्वाचन आयोगले आगामी स्थानीय चुनावका लागि तयारीलाई तीव्र बनाएको छ । निर्वाचनको आचारसंहिता मस्यौदा तयार पार्दै दल दर्ता, मतदाता नामावली अध्यावधिक लगायत काम गरिरहेको छ । चुनाव केन्द्रीत गतिविधिकै क्रममा आयोगले नियमित प्रेस ब्रिफिङ समेत गर्न थालेको छ । बिहीबार आयोजित नियमित पत्रकार सम्मेलनमा आयोगले १५ फागुनसम्म दल दर्ताका लागि दिइएको समय प्रगतिबारे जानकारी दिएको छ ।

आयोगले चुनावका लागि थप तीन दल दर्ता भएर दल संख्या १०६ पुगेको छ । जनता प्रगतिशील पार्टी नेपाल, सामाजिक एकता पार्टी र नागरिक उन्मुक्ति पार्टी दर्ता भएको शालिग्राम शर्मा पौडेलले बताए । सरकारले आगामी ३० वैशाखमा स्थानीय चुनावको मिति घोषणा गरेको छ । उक्त चुनावका लागि आयोगले विभिन्न पक्षसँग छलफल गर्दै तयारी गरिरहेको छ ।

जबकी स्थानीय चुनाव हुनेमा ढुक्क हुने अवस्था सिर्जना भइनसकेको प्रमुख दलका नेताहरुकै आशंका छ । राष्ट्रिय राजनीतिक परिस्थितिका कारण चुनावबारे आशंका देखिएको हो । सत्ता गठबन्धन र विपक्षी एमालेले चुनाव आफ्नो स्वार्थअनुसार उपयोग गर्न चाहिरहेका छन् । त्यसैकारण चुनाव निर्धारित मितिमा हुनेमा आशंका देखिएको हो ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध दर्ता भएको महाअभियोग प्रस्ताव र एमसीसीबारे गठबन्धनका नेताहरुमा मतभेद देखिएकाले चुनावबारे आशंका देखिएको हो । सरकारको नेतृत्व गरिरहेको दल नेपाली काँग्रेस एमसीसी अनुमोदनको पक्षमा उभिएको छ भने बाँकी सत्ता साझेदार दलहरू एमसीसीको विपक्षमा उभिएका छन् । यसैकारण सत्ता गठबन्धन तोडिन सक्ने आशंका गरिदैछ । यदि गठबन्धन टुटेमा चुनाव पनि अनिश्चित हुने सत्ता गठबन्धनका नेताहरुले आशंका गर्दै आएका छन् ।

अझ एकैपटक स्थानीय चुनाव गराउने सरकारको निर्णयविरुद्ध सर्वोच्चमा रिट समेत दायर भएकाले विपक्षी दल एमालेका नेताहरुको समेत आशंका छ ।

# वैदेशिक रोजगार बोर्ड एनपीआईमा आबद्ध

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ फागुन

वैदेशिक रोजगार बोर्डले आफ्नो भुक्तानी कारोबारहरुलाई नेपाल क्लियरिङ हाउसको नेशनल पेमेन्ट इन्टरफेस (एनपीआई) मा जोडेको छ । बिहीबार भुक्तानीहरु पूर्ण स्वचालितरुपमा गर्न बोर्डले एनपीआईसँग सम्झौता गरेको छ । सम्झौता पत्रमा बोर्डका तर्फबाट संस्थाका कार्यकारी निर्देशक राजनकुमार श्रेष्ठ तथा एनसीएचएलका तर्फबाट नीलेशमान सिंह प्रधानले हस्ताक्षर गरेका छन् ।



सम्झौता अनुसार बोर्डले आफ्नो भुक्तानी प्रणालीलाई एनपीआई प्रणालीसँग जोडी सोझै सेवाग्राहीहरुको बैंक खातामा भुक्तानी गर्ने कार्यकारी निर्देशक श्रेष्ठले बताए । यसअघि बोर्डले भुक्तानी चेक मार्फत गर्दै आएको थियो । नयाँ प्रणालीले सेवा प्रवाहमा सुधार आउनुका साथै सेवाग्राहीले पाउनुपर्ने भुक्तानी सहजरूपमा पाउने उनले बताए ।

बोर्डले वैदेशिक रोजगारीमा अपाङ्गता अथवा मृत्यु भएका

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कतारमा मास्क नलगाउनेलाई कडाइ

काठमाडौं/मस- कताले सार्वजनिक स्थानमा मास्क नलगाई हिड्नेहरूविरूद्ध कडाइ गरेको छ । बिहीबार कोभिड-१९ सावधानीका नियम उल्लंघन गर्ने ३ सय ९९ जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा नेपाली कामदारको संख्या ठूलो रहेको बताइएको छ ।

कतारका स्थानीय सञ्चारमाध्यमहरूले मास्क नलगाएको अभियोगमा ३ सय ८८ जना र सार्वजनिक स्थलमा अनिवार्य गरिएको एहतराज एप मोबाइलमा इन्स्टल नगरेकोमा ११ जनालाई पक्राउ गरिएको उल्लेख गरेका छन् ।

– बाँकी पृष्ठ २ मा

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SAVEUR BAKERY COMPANY | शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७८/११/०५ | चलानी नं.: ६०१७४६४८ | LT. No.: 258225

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Acrylic Technicians | 4 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५९,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chocolate Chief | 4 | 0 | | 150 | ५९,८०० | | | | | | | |
| 3. | Helpers | 4 | 0 | | 90 | ३५,६४० | | | | | | | |
| 4. | Pastry Chief | 4 | 0 | | 150 | ५९,८०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १३ गते (25 Feb. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुढानगरमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
Govt Lic. NO. 647/063/064

# ऊर्जामन्त्री भुसाल र बेलायती राजदूतबीच भेटवार्ता

**काठमाडौं /मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसँग नेपालका लागि बेलायती राजदूत निकोला पोलिटले शिष्टाचार भेट गरेकी छन्। मन्त्रालयमा बिहीबार भएको भेटमा उनीहरूबीच आपसी हित र चासोका विविध विषयमा छलफल भएको थियो ।

सो अवसरमा मन्त्री भुसालले पारस्परिक हितका सबै क्षेत्रमा नेपालले नजिकैबाट काम गरिरहने सरकारको प्रतिबद्धता रहेको बताइन् । नेपाल सरकारले स्वच्छ र नवीकरणीय ऊर्जा उत्पादन, ई-मोबिलिटी, न्यून कार्बन पूर्वाधार र इको-टुरिजम्को प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै उनले नेपालको नवीकरणीय ऊर्जा, वातावरण व्यवस्थापनमा बेलायत सरकारको सहयोगप्रति धन्यवाद व्यक्त गरिन्।



महासागरका पारिस्थितिक प्रणाली सन्तुलन राख्न र बढ्दो भूमण्डलीय तापक्रम वृद्धि नियन्त्रण गर्नका लागि हिमालयको महत्वपूर्ण भूमिका रहने स्मरण गराउँदै मन्त्री भुसालले भनिन्, 'हामी हिमालय क्षेत्रको संरक्षणका लागि अन्तर्राष्ट्रिय सहयोगको अपेक्षा गर्दछौं ।'

ऊर्जा क्षेत्रमा सन्तुलन कायम राख्नका लागि आफूले जलासययुक्त आयोजना प्रवर्द्धनलाई विशेष प्राथमिकता दिएको उल्लेख गर्दै मन्त्री भुसालले बूढीगण्डकी, दूधकोशी, नलगाढजस्ता आयोजनालाई आफूले प्राथमिकतामा राखेको बताइन् । जलविद्युत् स्वच्छ ऊर्जा भएकाले यसको प्रवर्द्धनका लागि नेपाल सरकारले प्राथमिकता दिएको र ऊर्जा क्षेत्रको विकासमा मिश्रित ऊर्जा उत्पादनमा ध्यान दिएको बताइन् ।

बेलायत नेपालको सबैभन्दा भरपर्दो विकास साझेदार रहेको उल्लेख गर्दै मन्त्री भुसालले बेलायतले संकट र प्रकोपको समयमा महत्वपूर्ण सहयोग गरेको स्मरण गरिन् ।

त्यस अवसरमा राजदूत पोलिटले नेपालको ऊर्जा खपतमा सहयोग गर्न बेलायत सरकार इच्छुक रहेको उल्लेख गर्दै त्यसका लागि ऊर्जा मन्त्रालयका निकायसँगको सहकार्यलाई अझै विस्तार गर्ने बताइन् ।

नवीकरणीय ऊर्जा उत्पादन तथा विद्युत् व्यापारमा पनि सहजीकरण गर्न बेलायत सरकार तयार रहेको उनले बताइन् । ऊर्जा क्षेत्रका निकायको संस्थागत सबलीकरणमा पनि सहयोग गरिरहेको उनले उल्लेख गरिन्।

# नेपालमा थपिए ५७० संक्रमित

**काठमाडौं /मस-** नेपालमा पछिल्लो २४ घण्टामा थप ५७० जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय नौ हजार ७८९ को परीक्षण गर्दा उक्त संख्यामा संक्रमण पुष्टि भएको हो ।



योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस संक्रमितको संख्या नौ लाख ७४ हजार ८५७ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको संख्या एक लाख ३८ हजार २५० रहेको छ। पछिल्लो समय थप एक हजार ९९३ निको भएका छन् । योसँगै निको हुनेको संख्या नौ लाख ४६ हजार ३३० पुगेको छ। निको हुने दर ९६ दशमलव ९ प्रतिशत रहेको पनि मन्त्रालयले जनाएको छ ।

यस्तै १० वर्ष मुनिका १८ बालबालिकामा कोरोना संक्रमण पुष्टि भएको छ भने ११ देखि २० वर्ष उमेर समूहका ३३ जना कोरोना संक्रमित थपिएका छन् । यस्तै काठमाडौं उपत्यकामा थप १९९ जना कोरोना संक्रमित थपिएका छन् । जसमध्ये काठमाडौंका १६२, ललितपुरका २५ र भक्तपुरका १२ जना संक्रमित रहेको मन्त्रालयले जनाएको छ। हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९११ पुगेको छ । पछिल्लो २४ घण्टामा थप ६ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ । यस रोगबाट हुने मृत्यु दर १.२ प्रतिशत रहेको छ। त्यसैगरी पछिल्लो समय एक लाख ६४ हजार ४७५ ले खोप लगाएको पनि मन्त्रालयले जानकारी दिएको छ। हाल सक्रिय संक्रमितको संख्या १६ हजार ६१६ रहेको छ । अहिले होम आइसोलेशनमा १५ हजार ९७४ रहेका छन् । त्यसैगरी संस्थागत आइसोलेशनमा ६६९ आइसीयुमा १५१ र भेन्टिलेटरमा २६ जनाले उपचार गराइरहेका छन् ।

# युवा संघको सांकेतिक विरोध प्रदर्शन




**काठमाडौं /मस-** मूल्यवृद्धि, भ्रष्टाचार र अनियमितताको विरोधमा नेकपा एमालेको भ्रातृ संगठन राष्ट्रिय युवा संघ नेपाल सडकमा उत्रिएको हो । पेट्रोलिम पदार्थमा भएको लगातारको मूल्यवृद्धिले दैनिक उपभोग्य वस्तुको मूल्य आकासिएको भन्दै युवा संघले सडकमा प्रतिकात्मक प्रदर्शन गरेको हो । उनीहरुले बिहीवार मूल्यवृद्धि विरुद्ध सडकमै चिया पकाएर सांकेतिक रुपमा विरोध जनाए ।

बाँदरको मुखुण्डो लगाएर प्रदर्शन गर्दा चर्चा कमाएको युवा संघले आफ्नो विरोधलाई चोटिलो बनाउन कवाडीको भाउमा आइरन, मोटरसाइकल र स्कुटर लगायतका सवारीसाधन बिक्रीमा राखेर सरकारलाई सांकेतिक दबाब दिएको छ ।

भ्रष्टाचार र सुशासन कायम गर भन्दै सडकमा उत्रिएका युवा संघका कार्यकर्ताहरुले सभामुख अग्नि सापकोटा र सरकारको कार्यशैलीको कडा आलोचना गरे ।

पेट्रोलियम पदार्थमा भएको मूल्यबृद्धिले अन्य क्षेत्रमा पनि असर पारेको र यसले सर्वसाधारणको जनजीवन प्रभावित भएको भन्दै बिरोध प्रदर्शन गरिएको युवा संघका संगठन विभाग प्रमुख क्षितिज थेवेले बताए ।

खोपमा भ्रष्टाचार भएको भन्दै उनीहरूले स्वास्थ्यमन्त्री विरोध खतिवडाको राजीनामा माग गरे । हालै मात्र स्वास्थ्य मन्त्रालयको छानबिन समितिले कोरोनाविरुद्ध खोप लगाउँदा नागरिकले पैसा तिर्नुपरेको प्रतिवेदन स्वास्थ्यमन्त्री खतिवडालाई बुझाएको थियो ।

अछामका जगत ओलीलाई अश्लील शब्दले गाली गरेका संस्कृतिमन्त्री प्रेम आलेलाई 'संस्कृति हराएको मन्त्री' भन्दै प्रदर्शनकारीले नाराबाजी गरे। गत सोमबार राति जगतलाई धम्कीपूर्ण र अश्लील शब्दले गाली गरेको मन्त्री आलेको अडियो सार्वजनिक भएको थियो ।

त्यस्तै युवा संघका नेता, कार्यकर्ताले भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेनुकुमारी यादवले समेत राजीनामा दिनुपर्ने भन्दै नाराबाजी गरे। गौर नरसंहारको घटनासहित दिएको उत्तेजक भाषणले मन्त्री यादव विवादमा परेकी हुन् । उनको अभिव्यक्ति पदीय मर्यादाविपरित रहेको भन्दै प्रदर्शनकारीले राजीनामा मागेका हुन् ।

# कांग्रेसको १६ जिल्लाको अधिवेशन सऱ्यो



**काठमाडौं /मस-** नेपाली कांग्रेसका १६ जिल्लामा पूर्वनिर्धारित गरिएको जिल्ला अधिवेशनको मिति संशोधन गरिएको छ । केन्द्रीय निर्वाचन समितिको निर्णय अनुसार फागुन १३ गतेका लागि तोकिएको निर्वाचन फागुन १५ गतेका लागि सारिएको सचिव केशव रिजालले जानकारी दिएका छन् ।

नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठक र पार्टी नेतृत्वबाट अनुरोध भइ आएपछि कार्यतालिका र मिति संशोधन गर्ने निर्णय केन्द्रीय निर्वाचन समितिले गरेको हो । नेपाली कांग्रेसको सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुली, सिन्धुपाल्चोक, चितवन, मकवानपुर, नवलपुर, बाँके, अछाम र कैलालीको जिल्ला अधिवेशन अझै हुन सकेको छैन ।

निर्वाचन समितिका अनुसार १६ जिल्लाबाहेकका जिल्लामा निर्वाचन हुन बाँकी महासमिति सदस्य पदको निर्वाचन र जिल्ला कार्यसमिति मातहतका पालिका र वडा कार्यसमितिका बाँकी निर्वाचन भने निर्धारित मितिभित्र नै हुने भएको छ। तिनको निर्वाचन फागुन १० गते तोकिएको छ ।

# बेलायतद्वारा नेपाललाई २१ लाख मात्रा खोप हस्तान्तरण

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडासँग नेपालका लागि बेलायती राजदूत निकोला पोलिटले शिष्टाचार भेट गरेका छन् । बिहीबार मन्त्रालयमा भएको भेटमा मन्त्री खतिवडाले बेलायत र नेपालको २०० वर्षभन्दा पुरानो अन्तर्राष्ट्रिय मैत्रीपूर्ण सम्बन्धको स्मरण गर्दै कोभिड-१९ महामारीका बेला बेलायत सरकारले गरेको सहयोगप्रति आभार प्रकट गरे। 'विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ विरुद्धको यो लडाइँमा बेलायत सरकारले भेन्टिलेटर, भ्याक्सिनलगायत अन्य स्वास्थ्य सामग्री सहयोगस्वरूप प्रदान गरेकामा बेलयाती सरकार र बेलायती जनताप्रति हार्दिक आभार व्यक्त गर्दछु', मन्त्री खतिवडाले भने ।



नेपालको पूर्वाधार विकास, स्वास्थ्य र शिक्षा क्षेत्रको विकासका लागि बेलायत सरकारले प्रदान गरेको सहयोग उल्लेखनीय रहेको मन्त्री खतिवडाले बताए । सन् २००४ देखि नै नेपालको स्वास्थ्य क्षेत्र सुधारका लागि नेपाल स्वास्थ्य क्षेत्र रणनीति कार्यान्वयनका लागि बेलायत सरकारले गरेको योगदानको समेत मन्त्री खतिवडाले स्मरण गरे । राजदूत पोलिटले जिज्ञासाका सन्दर्भमा स्वास्थ्य मन्त्रालयका स्वास्थ्य सेवातर्फका सचिव डा.रोशन पोखरेलले थप प्रष्ट पारेका थिए ।

सोही अवसरमा राजदूत पोलिटले बेलायत सरकारका तर्फबाट २१ लाख मात्रा खोप मन्त्री खतिवडालाई हस्तान्तरण गरेका थिए । भेटघाट कार्यक्रममा सचिव पोखरेल, प्रवक्ता डा.संगीता मिश्रालगायतका मन्त्रालयका उच्च अधिकारीको उपस्थिति थियो ।

# ब्राउन सुगरसहित एक युवक पक्राउ

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, ५ फागुन ।

सिरहा प्रहरीले सदरमुकाम सिरहामा प्रतिबन्धित लागू औषध ब्राउन सुगर सहित एक युवकलाई पक्राउ गरेको छ । सदरमुकाम सिरहाको एक होटलबाट बिहीबार साँझ ब्राउन सुगरसहित सिरहा नगरपालिका-६ बसपिट्टाका भुटाइ भन्ने आमोद यादवलाई पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

गोप्य सूचनाको आधारमा ब्राउन सुगरसहित होटलमा पुगेको खबर पाएपछि जिल्ला प्रहरी कार्यालय सिरहाबा खटिएका प्रहरी टोलीले यादवलाई पक्राउ गरेको हो भने अर्का एक जना फरार भएको प्रहरीले जनाएको छ। पक्राउ परेका यादवलाई प्रतिबन्धित ब्राउन सुगरसहित जिल्ला प्रहरी कार्यालयमा राखिएको र थप अनुसंधान थालिएको प्रहरी प्रवक्ता डिएसपी सुभाष बुढाथोकीले मध्यान्हलाई जानकारी दिए ।

# एचआइभी नियन्त्रण गर्न पञ्चवर्षीय रणनीतिक योजना

**काठमाडौं/मस-**स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राष्ट्रिय एचआइभी रणनीतिक योजना सार्वजनिक गरेको छ। राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रले सन् २०२१ देखि २०२६ सम्म पञ्चवर्षीय रणनीतिक योजनाअन्तर्गत एचआइभी संक्रमणलाई नियन्त्रण गर्ने लक्ष्य लिएको छ ।

बिहीबार मन्त्रालयका सचिवद्वय डा.रोशन पोखरेल र देवकुमारी गुरागाईंले संयुक्तरूपमा सो सार्वजनिक गरेका हुन् । सचिव गुरागाईंले एचआइभी दिगो विकास लक्ष्यमा पुग्नका लागि एचआइभी संक्रमण नियन्त्रण गर्न योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताइन् । उनले नेपाल सरकारले एचआइभी नियन्त्रण गर्न लागि परेको र यसमा दातृ निकायको पनि सहयोग आवश्यक भएको बताइन्।

स्वास्थ्य मन्त्रालयका प्रमुख विशेषज्ञ डा.गुणराज लोहनीले एचआइभी संक्रमितप्रति समाजले हेर्ने व्यवहारमा परिवर्तन आवश्यक रहेको बताए। स्वास्थ्य सेवा विभागका महानिर्देशक डा.दीपेन्द्ररमण सिंहले रणनीतिक योजनाले एचआइभी नियन्त्रण गर्न सहयोग गर्ने बताए। उनले एचआइभी रोग स्वास्थ्य रोग मात्र नभएर सामाजिक रोग भएकोले सबैको सहयोगबाट नियन्त्रण गर्न सकिने बताए । केन्द्रका निर्देशक डा.सञ्जयकुमार ठाकुरले अहिलेको रणनीतिक योजना यसअघिको सन् २०१६ देखि २०२१ रणनीतिक योजनाकै निरन्तरता रहेको भन्दै सन् २०३० सम्म एचआइभी/एड्सको अन्त्य गर्ने लक्ष्य हासिल गर्ने सहयोगी बन्ने बताए ।

उनले रणीतिक योजनाअनुसार सन् २०२६ सम्म एचआइभी संक्रमितमध्ये ९५ प्रतिशतमा एचआइभीको अवस्था पहिचान गर्ने, ९५ प्रतिशतलाई उपचारको व्यवस्था गर्ने र ९५ प्रतिशत संक्रमितमा भाइरसको भार न्यूनीकरण गर्ने बताए। उनले यस रणनीतिक योजनाले नयाँ एचआइभी संक्रमण र एड्सबाट हुने मृत्युदरमा कमी ल्याउँदै एचआइभी संक्रमितको स्वास्थ्य र समग्र अवस्थाको सुधार ल्याउने बताए ।

योजनामा नयाँ एचआइभी संक्रमणलाई ९० प्रतिशतले कम गर्ने, आमाबाट बच्चामा एचआइभी संक्रमण उन्मूलन गर्ने, जन्मजात भिरङ्गीको केस दर प्रतिलाख जीवित जन्ममा ५० वा सोभन्दा कम गर्ने लक्ष्य राखिएको छ। योजनामा एचआइभी संक्रमित व्यक्तिको स्वास्थ्यसम्बन्धी परिमाणमा सुधार ल्याउने, एचआइभी सङ्क्रमित तथा मुख्य समूहमा एचआइभी सम्बन्धित असमानतामा कमी ल्याउने उल्लेख छ ।

यस्तै १५ देखि २४ वर्ष उमेर समूहका युवामा एचआइभी व्याप्तता दर ०.०२० प्रतिशतमा ल्याउने तथा प्रतिएक हजार जनसंख्यामा एचआइभी संक्रमण ०.०२० प्रतिशतमा ल्याउने लक्ष्य राखिएको छ। अहिले १५ देखि ४० वर्ष उमेर समूहमा एचआइभी व्याप्तता दर ०.१३ प्रतिशत रहेको छ ।

### माओवादी...

सत्ता गठबन्धन संकटमा परेको छ। तर जोगाउनुपर्छ भन्ने मत पनि बलियो छ", ती नेता भन्छन्। काँग्रेसले एमसीसी अनुमोदन गर्ने र माओवादी केन्द्रले विपक्षमा मतदान गर्ने निर्णय गरिसकेको छ ।

### बालकोट...

भईरहेकै छ। प्रधानमन्त्रीले फागुन १६ भित्र एमसिसी पारित गर्नुपर्छ भन्नुभएको छ। छलफल त्यही दिशामा छ", मन्त्री कार्कीले भने ।

तर, सत्तागठबन्धनदेखि प्रमुख प्रतिपक्षी दल समेत एमसीसीको पक्षमा नदेखिएपछि प्रधानमन्त्री देउवा एमसीसी पास गराउने विकल्पको खोजीमा छन्। तसर्थ उनी नेकपा एमालेका अध्यक्ष ओली फकाउन वालकोट पुगेका हुन्। तर, कांग्रेसका लागि आगामी विकल्पमा भने गठबन्धनलाई आगामी चुनावसम्म लैजाने लिखित सहमति सहित माओवादी र नेकपा एकीकृत समाजवादीसँग सहमति जुटाउने देखिन्छ। त्यसैगरी, एमालेलाई सहमतिमा ल्याउने र यी दुवै सम्भावना टरे संसद बिघटन गरेर अर्ली ईलेक्सन गराउने रहेको धेरैको बुझाई छ। तर, हालसम्म कतै पनि सहमति नजुटेको हुँदा एमालेसँगको सम्बन्ध सुधारेर एमसीसी पारित गराउने पक्षमा देउवा देखिएका छन्।

मंगलबार काँग्रेसले एमसीसी संसद्मा पेश गर्ने र अनुमोदन गर्ने निर्णय गरेको थियो। भोलिपल्टै माओवादी केन्द्रले एमसीसी पेश हुन नदिने र विपक्षमा मतदान गर्ने निर्णय गरेको थियो। सत्ता साझेदार नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले पार्टीको आधिकारिक धारणा सार्वजनिक गरिसकेको छैन। तर समाजवादी र जसपाका अध्यक्ष उपेन्द्र यादव एमसीसीको विपक्षमा उभिएका छन्। सत्ता साझेदार दल राष्ट्रिय जनमोर्चा एमसीसीको विक्षमा छ।

तर १६ फागुनभित्र निर्णय लिइसक्नुपर्ने अल्टिमेटम दिइएकाले एमसीसी संकट चर्किएको छ। सत्ताबाट माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपाको उपेन्द्र यादव समूह र जनमोर्चा बाहिरिन सक्ने खतरा बढेको छ। यी दलहरुले प्रधानमन्त्री देउवालाई एमसीसीबारे थप विकल्पमा छलफल गर्न प्रस्ताव गरेका छन्। तर प्रधानमन्त्री देउवा भने एमसीसी अनुमोदनको अडानमा अडिग छन्।

विपक्षी एमाले भने संसद् गतिरोध कायमै राख्ने र एमसीसीबारे कुनै निर्णय नलिनेमा टसमस छैन। यस्तो शक्ति संघर्षबीच एमाले अध्यक्षसँग प्रधानमन्त्री देउवा सहित काँग्रेस नेताहरुको भेटवार्तालाई चासोका साथ हेरिएको छ। एमाले अध्यक्ष ओली प्रधानमन्त्री हुँदा एमसीसीकै पक्षमा थिए। एमसीसी अनुमोदन गराउन नसकेपछि बढेको मतभेदकै कारण तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजित हुन पुगेको थियो। त्यसैले एमालेसँग मिलेर एमसीसी अनुमोदन हुने अवस्थामा प्रधानमन्त्री देउवाले गठबन्धन तोड्न सक्ने सत्ता साझेदार दलहरुको आशंका देखिन्छ।

### वैदेशिक...

कामदारहरुको क्षतिपूर्ति, आन्तरिक खरिद भुक्तानी गर्दै आएको छ। बोर्डले वैदेशिक रोजगारीमा जाने कामदारले श्रम स्वीकृति अघि कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने रकम कनेक्ट आइपीएसमार्फत संकलन गर्दै आएको छ। प्रविधिको प्रयोगले सेवाग्राहीलाई सहज हुने प्रधानले विश्वास व्यक्त गरे।

### कतारमा...

कतारको मन्त्रिपरिषद्ले सबै नागरिक र विदेशीलाई सार्वजनिक स्थानहरूमा मास्क लगाउन अनिवार्य गरेको छ। कतारको मन्त्रिपरिषदले संक्रामक रोगहरू सम्बन्धी १९९० को कानून नम्बर १७ मा आधारित रहेर कोभिड-१९ रोकथाम र सावधानीका उपायहरू लागू गरेको छ। सरकारी प्रतिवन्ध उल्लंघन गरेको अभियोगमा धेरै व्यक्तिहरूलाई नियन्त्रणमा लिई अभियोजनमा पठाएको बताइएको छ।

# चरिकोट अस्पतालको नाम पशुपति चौलागाईं स्मृति अस्पताल



**मकवानपुर/मस-**बागमती प्रदेश सरकारको बिहीबार बसेको बैठकले दोलखा जिल्लाको सदरमुकाम चरिकोट अस्पतालको नाम परिवर्तन गरेर पशुपति चौलागाईं स्मृति अस्पताल राख्ने निर्णय गरेको छ।

प्रदेशसभा सदस्य चौलागाईंको कोरोना संक्रमणबाट निधन भएको थियो । उनको स्मृतिमा अस्पतालको नाम परिवर्तन गर्ने निर्णय भएको सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानूनमन्त्री कृष्णप्रसाद शर्मा खनालले जानकारी दिए।

बैठकले स्वास्थ्य सचिवको संयोजकत्वमा प्रदेश स्वास्थ्य बिमा समिति गठन गर्ने निर्णय गरेको छ । बैठकले बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंलाई बर्खास्त गर्नेसमेत निर्णय गरेको छ । प्रदेशका विभागीय मन्त्री तथा परिषद् अध्यक्षसँग समन्वय नगरी काम गरेको, सोधिएको स्पष्टीकरणको जवाफ चित्तबुझ्दो नदिएको भन्दै उनलाई बर्खास्त गरिएको हो ।

बैठकमा प्रदेशको विभिन्न जिल्लामा निर्माण गरिएको शीतभण्डार सञ्चालनसम्बन्धी कार्यविधि पास गर्ने निर्णय गरेको छ । प्रदेश सरकारले स्थानीय र निजी क्षेत्रसँग सहकार्य गरेर निर्माण गरेको नौवटा शीतभण्डार अब छिट्टै सञ्चालनमा ल्याउने तयारी भइरहेको जनाइएको छ ।

बैठकले प्रदेश यातयात सञ्चालन व्यवस्थापन बोर्डका अध्यक्ष जगतचन्द्र ढुंगानाले दिएको राजीनामा स्वीकृत गरेको छ । बैठकले उपसभामुख राधिका तामाङले संयुक्त राज्य अमेरिकामा हुने फिल्म अवार्ड कार्यक्रम सहभागी हुनका लागि दिएको निवेदनमा सिफारिस गरी संघीय सरकारमा निर्णय गर्न पठाउनेसमेत निर्णय गरेको छ ।


## Malaysia मा रोजगार

1. Company : UNITED MS CABLES MFG. SB City: SELANGOR
पुर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६१८ LT. No.: 231746 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 25 | 0 | स. काममा दक्ष | 1200 | ३४,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. Company : STEVEN DEVELOPMENT SENDIRIAN BERHAD City: MALAYSIA
पुर्व स्वीकृत मितिः २०७६/१०/२७ चलानी नं.: ६०१५१५०० LT. No.: 232949 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Field Worker | 50 | 0 | स. काममा दक्ष | 1200 | ३४,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

3. Company : KAHANG PALM OIL MILL SDN. BHD. City: MALAYSIA
पुर्व स्वीकृत मितिः २०७६/११/04 चलानी नं.: ६०१५१७८० LT. No.: 232947 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Field Worker | 11 | 0 | स. काममा दक्ष | 1200 | ३४,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

4. Company : KCP PROJECTS SDN. BHD. City: JOHOR
पुर्व स्वीकृत मितिः २०७६/११/१६ चलानी नं.: ६०१५२६२० LT. No.: 234285 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 27 | 0 | स. काममा दक्ष | 1200 | ३४,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

5. Company : SMART TASK SECURITY SDN BHD City: JOHOR
पुर्व स्वीकृत मितिः २०७६/१०/०५ चलानी नं.: ६०१५०१८९ LT. No.: 231197 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ३४,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन १३ गते (25 Feb. 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वेदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

DOS Link
Govt .Lic No. 991/067/068
DOS LINK PVT. LTD.
Samakhushi-29 Kathmandu, Tel : 4360929, 4360780, Fax: 4360780
Email-Doslink991@gmail.com Website-doslinkoverseas.com

# कांग्रेसको योगदानको प्रचार गर्नुपर्छ : प्रधानमन्त्री देउवा

सानुराज डंगोल/मध्यान्ह
काठमाडौं, ५ फागुन

नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीको 'नेपाली कांग्रेसको संक्षिप्त इतिहास' नामक पुस्तक सार्वजनिक भएको छ। बिहीबार काठमाडौंमा एक कार्यक्रमकाबीच प्रधानमन्त्री शेरबहादुर देउवाले पुस्तकको विमोचन गरेका हुन्। पुस्तकमा नेपाली काँग्रेसको इतिहास र २००७ सालमा राणाबिरोधी आन्दोलनलाई सफलता दिलाउन सहयोग गरेका व्यक्तित्वहरुबारे चर्चा गरिएको छ।




लेखक केसीले पुस्तकभित्र आफूले २६/२७ वर्षयता स्वदेश तथा विदेशमा नेपाली काँग्रेसबारे उठाइएका खुल्दुलीलाई समेट्ने प्रयत्ने गरेको पनि जानकारी दिए। पुस्तकमा २००३ सालदेखि २०७८ सम्मका काँग्रेसका ऐतिहासिक गतिविधि वा घटनाहरूको तिथिमितिसहित उल्लेख गरिएको छ भने पार्टीका महत्वपूर्ण नेताहरूको निधनलाई पनि उल्लेख गरिएको छ।

कार्यक्रममा प्रधानमन्त्री देउवाले एमसीसी पारित गर्न आफुले पहल गरिरहेको बताए। एमसीसी राष्ट्रको हितमा रहेकाले संसदमा छिनोफानो गर्नुपर्ने उनको भनाइ छ। उनले एमसीसी पारित गराउने कांग्रेसको सर्वसम्मत् निर्णय अनुरुप नै आफू लागि परिरहेको बताए। प्रधानमन्त्री देउवाले एमसीसी परियोजना संसदबाट पास वा फेल जे पनि हुनसक्ने बताए।

त्यस्तै उनले कांग्रेसले नेपालमा लोकतन्त्र स्थापनाका लागि थुप्रै ऐतिहासिक आन्दोलनको नेतृत्व गर्दै आएको भए पनि त्यसलाई प्रचारप्रसार गरी जनतासम्म पुऱ्याउनुपर्नेमा जोड दिए। उनले लोकतन्त्र, न्याय, समानताका पक्षमा स्थापनाकालदेखि क्रियाशील कांग्रेसका बारेमा गलत प्रचार गर्नेविरुद्ध निर्भयका साथ प्रतिवाद गर्नुपर्दछ भने।

प्रधानमन्त्री देउवाले नेपालमा पटक पटकका प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरी मुलुकमा लोकतन्त्रको स्थापनादेखि देशको विकास र नागरिकको उत्थानमा नेपाली कांग्रेसले उल्लेखनीय कार्य गरेको भए पनि त्यसको उचित प्रचार प्रसार हुन नसकेको भन्दै कांग्रेसले देशको उत्थान र विकासमा गरेका कार्यहरुको प्रचार गर्नुपर्नेमा जोड दिए।

प्रधानमन्त्री देउवाले स्थापनादेखि नै जनता र देशका पक्षमा काम गर्दै आएको कांग्रेसले यसपटक पनि अमेरिकी सहायता निकाय, मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) पनि नेपालको विकासका लागि भएकाले यसलाई अनुमोदन गर्नुपर्दछ भन्ने स्पष्ट अडानमा रहेको उल्लेख गरे।

कार्यक्रममा कांग्रेसका महामन्त्री गगनकुमार थापाले कांग्रेसले राष्ट्रिय हितका पक्षमा खुट्टा कमाउन नहुने बताए। त्यस्तै कांग्रेसभित्र आबद्ध व्यक्तिले कांग्रेस बुझ्नु जरुरी रहेको बताउँदै उक्त पुस्तक कांग्रेस बुझ्न चाहनेका लागि प्रेरणाको स्रोत बन्ने उनको भनाइ थियो।

पुस्तकका बारेमा टिप्पणी गर्दै वरिष्ठ पत्रकार प्राध्यापक पुरुषोत्तम दाहालले एउटा किताबमा पार्टीको सिङ्गो इतिहास अटाउन नसक्ने बताउँदै पार्टीको शीर्ष नेताबाट कांग्रेसको इतिहासका बारेमा पुस्तक लेख्न सुरु गर्नु सकारात्मक भएको बताए।

# एमाले अध्यक्ष ओलीसहितका नेताविरुद्ध उजुरी



विष्णुलक्ष्मी खरेल/मध्यान्ह
काठमाडौं, ५ फागुन

नेकपा एकीकृत समाजवादी निकट अनेरास्ववियुले नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीलगायतका नेताहरुविरुद्ध अख्यिार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिएको छ। बिहीबार अख्तियारको केन्द्रीय कार्यालय टंगाल पुगेर अनेरास्ववियुले सरकारमा रहँदा केपी शर्मा ओलीसहित तत्कालीन मन्त्रीहरु भ्रष्टाचारमा संलग्न रहेको दाबी गर्दै निष्पक्ष छानविनको माग गरेको हो।

अनेरास्ववियूका अध्यक्ष सुदेश पराजुलीले केपी शर्मा ओली सरकारको पालमा भएका अनियमितताको छानबिन गर्न माग राख्दै आफूहरूले अख्तियारमा उजुरी दर्ता गरेको जानकारी दिए।

'नीतिगत भ्रष्टाचार भएको भन्दै हामीले केपी शर्मा ओली, पद्मा अर्याल, भानुभक्त ढकाल, योगेश भट्टराई, ईश्वर पोखरेल लगायतको नाममा उजुरी दिएका हौं,' उनले भने, 'कानुनी रूपमा छानबिन गरेर कारबाहीको दायरमा ल्याउनुपर्ने माग हाम्रो रहेको छ।'

अनेरास्ववियुको तर्फबाट बाग्मती प्रदेश संयोजक दीपक बुढाथोकीको हस्ताक्षरमा बिहीबार आयोगमा दिएको उजुरीमा झापास्थित गिरीबन्ध टी स्टेटको नाममा रहेको हदबन्दीभन्दा बढीको जग्गा राष्ट्रियकरण गर्नुपर्नेमा तत्कालीन प्रधानमन्त्री ओलीले अर्बौं मूल्य पर्ने जग्गा सट्टापट्टा गर्न पाउने गरी ऐन संशोधन गराउन सहयोग गरेर नीतिगत भ्रष्टाचार गरेको उल्लेख दाबी गरिएको छ।

सो प्रकरणमा तत्कालीन भूमि, व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा अर्याल लगायतलाई पनि कारबाहीको माग गरिएको छ। भ्रमण वर्षको नाममा तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईले आर्थिक अनियमितता गरेको अनेरास्ववियुको दाबी छ।

यस्तै स्वास्थ्य सामग्री खरिद प्रक्रियामा तत्कालीन रक्षा मन्त्री ईश्वर पोखरेल, स्वास्थ्य मन्त्री भानुभक्त ढकाल पनि ओम्नीसँगको अनियमितता प्रकरणमा मुछिएकाले निजहरुमाथि छानविन गरी भ्रष्टाचारमा कारबाही गर्न माग गरिएको छ।

त्यसैगरी, भिजिट नेपाल २०२० को नाममा राज्यकोषको करोडौं रकम हिनामिना भएको भन्दै तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईमाथि पनि छानविनको माग गरिएको छ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/११/०६**

**जि. एण्ड पि. इन्टरनेशनल ओभरसिज प्रा.लि.**को मिति २०७८/०८/१६ मा सम्पन्न विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लिडिंग एम इन्टरनेशनल प्रा. लि. (प्रा. लि. नं.: १६७०५७)**कायम गर्ने गरी मिति २०७८/११/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## ROMANIA मा रोजगार | कम्पनी : NARAPO ALL SOLUTIONS शहर : ROMANIA

पूर्व स्वीकृत मितिः २०७७/०९/२० चलानी नं.: ६०१५४०४७ LT. No.: 235577 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 10 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ६५,९०१ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason (General) | 10 | 0 | | 550 | ६५,९०१ | | | | | | | |
| 3. | Painter | 10 | 0 | | 550 | ६५,९०१ | | | | | | | |
| 4. | Scaffolder | 10 | 0 | | 550 | ६५,९०१ | | | | | | | |
| 5. | Shuttering Carpenters | 10 | 0 | | 550 | ६५,९०१ | | | | | | | |
| 6. | Tile Settlers | 10 | 0 | | 550 | ६५,९०१ | | | | | | | |
| 7. | Waiter (General) | 10 | 5 | | 550 | ६५,९०१ | | | | | | | |
| 8. | Welder (Tig/mig/spot) | 10 | 0 | | 550 | ६५,९०१ | | | | | | | |

यसै कम्पनीको लागि Indoor Labour को पनि माग भएकाले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगारता कम्पनीले | रोजगारता कम्पनीले | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५५,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन १३ गते (25 February 2022) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

DYNAMIC
(श्रम इजाजत नं. ७३१/०६४/०६५)
डाइनामिक ग्लोबल एच. आर. प्रा.लि
टोखा-०५, बसुन्धरा, काठमाडौं, नेपाल, फोन: ०१-४९८५९६०
Mobile No. 9851061141, 9860351595, 9801045421, 9803284520, 9803284305
Email: dynamicglobalhr2014@gmail.com

## मलेशियामा रोजगार

१. कम्पनी: BUMIMAS PROTECTION SDN. BHD. शहर: SELANGOR
पूर्व स्वीकृत मितिः २०७६/१०/१६ चलानी नं.: ६०१५०८९७ LT. No.: 232130 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 20 | 0 | स. काममा दक्ष | 1200 | ३४,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: SMI WIRE SDN BHD (136633-T) शहर: JOHOR
पूर्व स्वीकृत मितिः २०७६/०९/२९ चलानी नं.: ६०१५००४२ LT. No.: 231039 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 18 | 0 | स. काममा दक्ष | 1100 | ३१,४९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: DAIKO PACK SDN BHD शहर: SELANGOR
पूर्व स्वीकृत मितिः २०७६/०९/१५ चलानी नं.: ६०१४९३४३ LT. No.: 230315 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 23 | 0 | स. काममा दक्ष | 1100 | ३१,४९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी: LSTEEL SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७६/११/१९ चलानी नं.: ६०१५२८४५ LT. No.: 234120 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1200 | ३४,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनी: TEGUH GUARD SDN. BHD. शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मितिः २०७६/०९/२९ चलानी नं.: ६०१५००८० LT. No.: 230876 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1200 | ३४,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १३ गते (25 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम इजाजत नं. १२१४/०७३/०७४
J.S.N. International Pvt. Ltd.
P.Box No.: 9883, Samakhusi, Ranibari, Kathmandu, Tel : 01- 4359573, 01- 4364548
E-mail-jsninternational1@gmail.com, Web.: jsninternational.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL AMAN SECURITY SERVICES SDN BHD शहर : KUALA LUMPUR
पूर्व स्वीकृत मितिः २०७६/०९/२९ चलानी नं.: ६०१५०११६ LT. No.: 231120 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1100 | ३१,४९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन १२ र १३ गते (24 & 25 Feb. 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

इजाजत पत्र नं. ११५१/०७३/०७४
Moon Human Resource Pvt.Ltd.
Chakra Path, Kathmandu, Nepal, Tel : 01-4372834
Mobile No. 9813993581, 9860921292, 9851162149
9861137653 Email moon4hr@gmail.com

## UAE मा रोजगार | १. कम्पनी: ADVANCED PLUS FACILITY MANAGEMENT शहर: Dubai

पूर्व स्वीकृत मितिः २०७८/११/०५ चलानी नं.: ६०१७४६५८ L.T. No.: 258164

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 0 | स. काममा दक्ष | 800 | २६,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

## कतारमा रोजगारको अवसर | २. कम्पनी : IRIS CONSTRUCTION AND TRADING शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७८/०४/१२ चलानी नं.: ६०१६०७१७ L.T. No.: 243211 पून विज्ञपपन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 55 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४२,४०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pipe Fitter | 20 | 0 | | 1500 | ४८,९३० | | | | | | | |
| 3. | Machine Operator | 10 | 0 | | 2100 | ६८,५०२ | | | | | | | |
| 4. | Heavy Vehicle Driver | 10 | 0 | | 1900 | ६१,९७८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १३ गते (25 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. १३२४/०७४/०७५
STARIS HR SERVICES PVT. LTD.
Samakhusi-26, Kathmandu, Tel.: 01-4381145, 4365203

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सूचना

**प्रकाशित मिति: २०७८/११/०६**

भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुकुम (पूर्वी भाग)द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रस्तावकको नाम: भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगाना: रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल<br>फोन नं.: +९७७-९८०८५०२०२३, ९८०९८१८७७७<br>ईमेल: bhumemun@gmail.com |
| प्रस्तावको व्यहोरा | धर्मशाला-लाचाङ-भित्रवन-चुनवाङ सडक खण्ड (१९.८२ कि.मि.) को स्तरोन्नतिको लागि प्रारम्भिक वातावरणीय परीक्षण<br>प्रस्तावित फर्मेसन चौडाई ७ मि., क्यारिज वे चौडाइ ३.७५ मि., शोल्डर चौडाइ ०.७५ मि. दुवै तर्फी, |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा/वडा | लुम्बिनी प्रदेश, रुकुम(पूर्वी भाग) जिल्ला, भूमे गाउँपालिकाको वडा नं. ७ र ९ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रस्तावकको नाम : भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगाना : रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल<br>फोन नं: +९७७-९८०८५०२०२३, ९८०९८१८७७७, ईमेल : bhumemun@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | नाम: मार्टिन इन्जिनियरिङ सलुशन प्रा.लि.<br>ठेगाना: नयाँ बानेश्वर, काठमाडौं<br>फोन नं.: ९८५११८५२३१, ईमेल: sonysantosh333@gmail.com |

## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation



विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।

नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं

सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

मध्यान्ह
www.madhyanhadaily.com
६ फागुन २०७८, शुक्रबार
18 February 2022, Friday

## सम्पादकीय

# बाध्यता बताऊ

अमेरिकी सहयोग परियोजना एमसीसीकै कारण सत्ता गठबन्धन संकटमा परेको छ । गठबन्धन जोगाउन शीर्ष नेताहरू लगातार सम्वादमा छन् । गएको १२ माघमा राष्ट्रियसभाको निर्वाचन सकिए यता प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा लगातार सत्तारूढ गठबन्धनका प्रमुखहरूको भेटवार्ता चल्दै आएको छ । बिहीबार पनि सत्ता गठबन्धनका शीर्ष नेताहरूको सम्वाद भयो । तर एमसीसी परियोजनाबारे कुनै ठोस् निर्णय भएन । शुक्रबार फेरि अर्को छलफल गर्नेगरी गठबन्धनको बैठक सकिएको छ । सरकारको नेतृत्व गरिरहेको नेपाली काँग्रेस र जनता समाजवादी पार्टीका नेता बाबुराम भट्टराई समूह एमसीसी पारित गर्ने पक्षमा उभिएका छन् । तर नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी एमसीसी संशोधन नगरी अनुमोदन गराउन नहुने पक्षमा अडिग छन् ।

प्रधानमन्त्री एवम् सभापति शेरबहादुर देउवाले गठबन्धनकै बहुमतबाट एमसीसी अनुमोदन गराउने योजनामा छन् । विपक्षी दल नेकपा एमालेको भूमिकाबिनै एमसीसी अनुमोदन गराउने प्रधानमन्त्रीको जोडबलमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल सहमत छैनन् । काँग्रेसले एमसीसी अनुमोदन गराउन संस्थागत निर्णय गरेको छ भने माओवादी केन्द्रले विपक्षमा मतदान गर्ने निर्णय गरेको छ । एमसीसीबारे विरोधाभासपूर्ण अडानकै कारण गठबन्धन भत्कने खतरा बढेको छ । दोस्रो पटक पुनर्स्थापित प्रतिनिधिसभामा गठबन्धन नेतृत्वको सरकार भएकाले एमसीसीकै कारण फेरि राजनीतिक अस्थिरता बढ्ने भय देखिएको छ । गठबन्धन मात्रै नभएर सत्ता गठबन्धनका दलहरूभित्र समेत मतभेद देखिएको छ । जसपा त विभाजनकै संघारमा देखिन्छ ।

तर गठबन्धन संकटमा पर्ने बुझेरै पनि प्रधानमन्त्री देउवा र मन्त्रीहरू एमसीसी अनुमोदनको पक्षमा सार्वजनिक अभिव्यक्ति दिदै आएका छन् । हरेक प्रधानमन्त्री र मन्त्रीहरू एमसीसीको पक्षमा देखिने गरेको यो पहिलो पटक होइन । अघिल्ला सरकारका प्रधानमन्त्री केपी शर्मा ओली र उनका मन्त्रीहरूले पनि खुलेरै एमसीसी अनुमोदनको पक्षमा अडान लिएका थिए । तर विपक्षी दल बनेसँगै पूर्वमन्त्रीहरूको आवाज मत्थर छ । त्यसअघिका प्रधानमन्त्रीहरूले पनि एमसीसीकै पक्षमा निर्णय लिएका छन् । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन हुनुको एउटा कारण समेत एमसीसी थियो । अर्थात् सत्तामा पुगेसँगै एमसीसीको पक्षमा उभिने बाध्यता नेताहरूमा देखिने गरेको छ । त्यो बाध्यता नेताहरूले अव सार्वजनिक रूपमा भन्नुपर्छ । एमसीसी राष्ट्रिय एजेण्डा बनेकाले प्रतिनिधिसभामा छलफल गरिनु पनि अनुचित हुन्न ।

# एमसीसी र राष्ट्रघात

**अमेरिकाले प्राकृतिक साधन र स्रोतको दोहन गरी विश्वमा आफ्नो एकछत्र बजार तथा एकाधिकार कायम गर्न एमसीसी परियोजना गठन गरेको प्रष्ट हुन्छ ।**


*अग्रलेख*



● रामबहादुर कार्की

कतिपय विकसित राष्ट्रले विपन्न र विकासोन्मुख राष्ट्रलाई आर्थिक सहयोग दिने गरेका छन् । हामीले दातृ निकायले दिने अनुदान, ऋण सहयोग धेरै पहिलेबाट स्वीकार गर्ने गरेका छौँ । अमेरिकाले पनि नेपाललाई विभिन्न नाममा बिगतदेखि नै सहायता गर्ने गरेको छ । नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)का बिच २०७४ भाद्र २९ (सेप्टेम्बर १४, २०१७) मा अनुदान सम्झौता भइ त्यसको अनुमोदनको लागि प्रतिनिधि सभामा २०७६ सालको वर्षे अधिवेशनमा पेश भएपछि सार्वजनिक बहस आरम्भ भयो । अहिलेको सर्वाधिक चासो र विवादको विषय एमसीसीबारे यहाँ केही चर्चा गर्ने प्रयास गरिएको छ ।

सन् २००२ मा अमेरिकाको ४३ औं रास्ट्रपति जर्ज डब्लु बुसले आफ्नो राष्ट्रिय सुरक्षा नीति तयार गरी मिलेनियम च्यालेन्ज एकाउन्टमार्फत न्यायोचित शासन, जनतामा लगानी, प्राकृतिक स्रोतको पारदर्शितालगायत अन्य मापदण्ड स्वीकार गर्ने राष्ट्रलाई सहयोग दिने घोषणासहित हस्ताक्षर गरेको देखिन्छ । एमसीसी अमेरिकी सदनबाट कानुनद्वारा स्थापित एउटा संस्थाको रुपमा रहेको छ । तसर्थ एमसीसी विशुद्ध विकास सहयोग नभएर सुरक्षा नीतिभित्रको एउटा अंग हो । यसले नेपाल जस्तो संवेदनशील भूराजनीतिमा रहेको र अमेरिका जस्तो शक्तिशाली देशको सामरिक वृत र स्वार्थमा परेमा भविष्यमा राष्ट्र कसैको सामरिक महत्वको देश हुन सक्छ । नेपाल कसैको सुरक्षा छातामा रहन कदापी हुँदैन ।




## विश्वमा एमसीसीको अनुभव

अमेरिकाले एमसीसी परियोजनाअन्तर्गत हालसम्म अफ्रिकाका १३, ल्याटिन अमेरिकामा १० र एसिया प्रसान्त क्षेत्रका २६ गरी विभिन्न ४९ राष्ट्रमा सहयोग सम्झौता गरेको छ । जसमध्ये ३२ देश कम्प्याक्ट कार्यक्रम सञ्चालन गर्नुपूर्वको थ्रेसहोल्ड अवस्थामा छ । १३ मा प्रक्रियामा, ३ मा सम्झौता रद्द र १ मा विवाद भएको छ ।

पहिलो, एमसीसी सम्झौता गर्ने अफ्रिकी महादेशको हिन्द महासागरमा अवस्थित टापु देश माडागास्कर हो । यो देश प्राकृतिक भ्यानिला, टिटानियम र पेट्रोलियम पदार्थको धनी छ । सन २००४ मा ११० मिलियन डलरको बजेट भूमी, कृषि व्यवसाय र वित्तीय आयोजना सन्चालन गर्ने गरी एमसीसीसँग सम्झौता भयो । कृषिमा लगानी गर्ने भनी भूमी सुधार आरम्भ भयो तर जग्गा विदेशी कम्पनीलाई दिने विषयमा विवाद भयो र जनआक्रोश उत्पन्न भइ २००९ मा सम्झौता रद्द भयो ।

त्यस्तै, सुनको धनी अफ्रिकी राष्ट्र माली र एमसीसीको बिच २००६ मा प्रमुख सिंचाइ आयोजनामार्फत भूमी व्यवस्था लागू गर्न सम्झौता गरियो । सम्झौता देशको प्रचलित कानुनभन्दा माथि राखिएको थियो । पहिलो चरणमा जग्गा मालि र एमसीसीको स्वामित्वमा राखियो । त्यसपछि निश्चित क्षेत्रफल किटान गरि बिक्री गर्ने योजना थियो तर त्यही चरणमा आफू बसेको जमिन एमसीसीबाट किन्नु पर्ने भएकाले कतिपय गरिब ब्यक्ति जमिन विहीन हुने अवस्था आयो । अझ जमिन किन्न मालीको नागरिक हुनु नपर्ने व्यवस्थाले देशमा विदेशी पुँजीपतिको स्वामित्व बढ्ने अवस्थाले सैनिक विद्रोह भयो र २०१२ मा एमसीसी सम्झौता रद्द भयो ।

त्यस्तै घानाले २०१४ मा विद्युत प्रसारण लाइन सम्बन्धी आयोजनाका लागि एमसीसीसँग सम्झौता गरेको थियो । लगानीकर्ताले ८० प्रतिशत नाफा खोज्यो, घानाले ५१ प्रतिशत नाफा माग्यो । अन्तमा विवाद भइ २०१९ मा सम्झौता पनि रद्द भयो ।

यता, एसियाको मुलुक श्रीलंकाले भूमी व्यवस्था र सडक पूर्वाधार परियोजनाको लागि ४८ करोड डलर खर्च हुने गरी एमसीसीसँग सम्झौता गर्यो । सम्झौता ८ पृष्ठको थियो तर पछि एमसीसीले ५० अनुसूची भएको ८३ पृष्ठको तयार भएको कुरा श्रीलंकाका रास्ट्रपतिलाई समेत थाहा थिएन । यसरी एमसीसीको विषयमा विवाद हुँदा प्रधानमन्त्री महिन्द्रा राजापाक्षले कोलम्बो विश्व विद्यालयका प्राध्यापकको संयोजकत्वमा अध्ययन टोली गठन गरे र उक्त टोलीले सम्झौता स्थगित गर्न सल्लाह दियो । हाल सम्झौता परिमार्जन गरे वार्ता गर्न सकिने श्रीलंकाको मन्त्रिपरिषदले निर्णय गरेको छ ।

> एमसीसी नेपालको राष्ट्रिय हित विपरित देखिन्छ । यसले नेपालको संविधानलाई अस्वीकार गरेको छ । उल्लेखित प्रावधानले चीनलाई घेर्ने नीतिअनुरूप एमसीसी आएको देखिन्छ । त्यसैले यस्तो राष्ट्रिय हित विपरित रहेको सम्झौतालाई स्वीकार गर्न हुँदैन ।

यसरी हेर्दा अमेरिकाले प्राकृतिक साधन र स्रोतको दोहन गरी विश्वमा आफ्नो एकछत्र बजार तथा एकाधिकार कायम गर्न एमसीसी परियोजना गठन गरेको प्रष्ट हुन्छ ।

## नेपालमा एमसीसी

नेपालमा एमसीसीको प्रवेश सन् २०१० देखि सुरु भएको देखिन्छ । २०१२ सम्म विभिन्न वार्ता, छलफल तथाअर्थविद र विज्ञहरु सम्मिलित टोलीको अध्ययनको आधारमा पारस्परिक सहमतिबाट पहिचान गरिएको उर्जा र सडकको क्षेत्रमा लगानी गर्ने सहमति भएको बुझिन्छ ।

एमसीसीको औपचारिक सुरुवात २०१२ जनवरी १९, (२०६८ माघ ५) मा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले समन्वय गर्नको लागि एमसीसीका प्रमुखलाई पत्राचार गरेका थिए । त्यसपछि नेपालको अर्थमन्त्रालय र एमसीसीको संयुक्त टोलीले नेपालको आर्थिक विकासको वृद्धिदरको अध्ययन गरी सन २०१४ मई १४ मा १११ पृष्ठ लामो आर्थिक वृद्धिको चिरफार नामक प्रतिवेदन तयार पारे ।

यो बिचमा नेपाल सरकार र एमसीसीका बिचमा कतियय पत्राचार, छलफल, गोस्ठी र अध्ययन भएको देखिन्छ । यसै क्रममा सन् २०१४ सेप्टेम्बर १४ (२०७४ भाद्र २९) मा तत्कालिन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र एमसीसीका कार्यकारी प्रमुख जोनाथन जि. नासले हस्ताक्षर गरी एमसीसी सम्झौता गरेका थिए । यो सम्झौतामा ७ धारा, ७ अनुसुचि र ११ परिशिस्ट रहेका छन् ।

सम्झौताअनुसार एमसीसीको पाँच सय मिलियन डलर (५५ अर्ब) र नेपालको १ सय ३० मिलियन डलर (१४ अर्ब) को परियोजनाले काठमाडौं लप्सिफेदी, रातामाटे, हेटौँडा, दमौली हुँदै बुटवलदेखि भारतको गोरखपुरसम्म ४०० केभी क्षमताको विद्युत प्रसारण लाइन र ३०५ किमि सडक सुधार, मर्मत र सम्भार गरिने छ । सम्झौताको अवधि पाँच वर्ष हुने उल्लेख छ ।

## सम्झौताका आपत्तिजनक प्रावधान

एमसीसी सम्झौतामा उल्लेख भएका कतिपय बुँदाहरुले हाम्रो राष्ट्रियता, स्वाधिनता र असंलग्न परराष्ट्रको नीति र नेपालको संविधानलाई समेत आघात पुऱ्याउने देखिन्छ । सम्झौताका केही बुँदाहरु यहाँ उल्लेख गरिएको छ ।

१. धारा ५ (२) को ३ र ४ मा अमेरिकाको वर्तमान र भविष्यमा लागू हुने कानुन उल्लंघन गरी, राष्ट्रिय सुरक्षा हित विपरित काम गरेमा सम्झौता एकतर्फी रद्द हुने छ ।

२. धारा ५ को दफा ५.१ को (४) मा कुनै सामरिक वा सैन्य सहयोग विषय नभए पनि अमेरिकाको समग्र राष्ट्रिय रक्षा, दहिन्द प्रसान्त रणनीति सम्बन्धी दस्तावेजमा एमसीसी त्यस्तो रणनीतिको अंग भएको उल्लेख छ ।

३. धारा ७ मा प्रस्तुत सम्झौता र नेपालको राष्ट्रिय कानुन बाझिएमा सम्झौता लागू हुने प्रावधान छ ।

४. धारा २ दफा २.२ को (९) मा परियोजनामा रकम बचेमा एमसीसीले सरकारलाई लिखित सूचना दिइ अर्को योजना छनोट गर्न सक्नेछ ।

५. धारा २ दफा २.४ ले योजनाको रकम एमसीसीको स्वीकृत वित्तिय संस्थामा खाता खोली सञ्चालन गरिने छ । दफा २.५ मा खातामा रहेको रकमको ब्याज प्राप्त भए सरकारले एमसीसीलाई हस्तान्तरण गर्नुपर्ने छ ।

६. धारा २ दफा २.८ मा एमसीसी वित्तीय व्यवस्थापन परियोजनाका सामग्रीहरुमा नेपालको प्रचलित कानुन र भावि कानुनले समेत कर नलाग्ने, यदि कुनै कारणवस कर लिएमा सरकारले एमसीसीलाई अबिलम्व अमेरिकी डलरमा फिर्ता गर्नु पर्ने, ढिलाइ भएमा ब्याज समेत तिर्नु पर्ने छ ।

७. धारा ३ दफा ३.२ मा बौद्धिक सम्पत्ति एमसीसीको हुने र नेपालको हस्तक्षेप नहुने ।

८. धारा ५ को दफा ५.१ मा सम्झौता कार्यान्वयनको अवधिमा घट्ने घटनाको जिम्मेवार नेपाल सरकार हुनुपर्ने छ ।

९. धारा ५ को दफा ६.८ ले सम्झौता अन्तर्गत हुने घटना र त्यसबाट उत्पन्न परिस्थितिको नेपालमा कुनै कानुनी निकायमा एमसीसीका विरुद्ध कुरा उठाउन नपाइने व्यवस्था छ ।

१०. धारा ५ को दफा ५.५ ले सम्झौता ५ वर्ष भएपनि एमसीसीले १२० दिन थप्न सक्ने उल्लेख छ । त्यस्तै नीति निर्माणमा एमसीसीले छानेका प्रतिनिधि मात्रै सहभागी हुने व्यवस्था छ ।

यी सबै तथ्यहरुले एमसीसी नेपालको राष्ट्रिय हित विपरित देखिन्छ । यसले नेपालको संविधानलाई अस्वीकार गरेको छ । उल्लेखित प्रावधानले चीनलाई घेर्ने नीतिअनुरुप एमसीसी आएको देखिन्छ । त्यसैले यस्तो राष्ट्रिय हित विपरित रहेको सम्झौतालाई स्वीकार गर्न हुँदैन ।

**(लेखक कार्की राष्ट्रिय जनमोर्चा, कञ्चनपुरका अध्यक्ष हुन् ।)**

## सामाजिक सञ्जाल



**- दोर्णप्रसाद लामिछाने**

नेपालमा भूराजनीति हिजो पनि हावी थियो, आज पनि छ र भोलि झन् बढ्दै जानेछ । यो यथार्थतालाई नेताहरूले बुझ्नु पर्छ र यसलाई समस्या होइन अवसर बनाउन सक्ने खुबी राख्नुपर्छ । स्वार्थको रोटी मात्र नसेकौ ।



**- समा थापा**

सार्वभौम मुलुकका रूपमा सहयोग लिने नलिने उसको स्वतन्त्रता हो तर, निर्णयमा देखिएको दलीय राजनीति, अलमल, आन्तरिक अस्थिरता र एकले अर्कालाई छिर्के हान्ने दाउलाई अमेरिकीहरूले मात्र होइन अरू छिमेकीले पनि नजिकबाट हेरेकै होलान् ।



**- खगोल गौतम**

हैट ! सरकारमा हुँदा एमसीसी टेबल गर्न सभामुखलाई रात दिन दबाब दिने एमाले अहिले भाले न पोथि जस्तो चुप लागेर रमिते भएर बसेको छ । एमसीसी ल्याउन सुरुवाती पहल गर्ने माओवादी सरकारी रसमा डुबेर सडकमा चक्काजाम गर्दैछ । यस्तो नौटंकी गरेर राजनीति गर्न कुन नैतिकताले दिन्छ खै ?



**- उज्जल न्यौपाने**

चोलेन्द्रसँग सेटिङ मिलाएर परमादेश लिए । अदालतमा राजनीतिकरण तिनैले गरे । अहिले फेरि अदालतमा सुधार भनेर उनैलाई महाअभियोग लगाए । एमसीसी सम्झौता गर्ने तिनै थिए । अहिले विरोधमा पनि तिनै छन् । यस्ताको बारेमा कसैले लेख्नु पर्दैन ?



**- गोविन्द गिरी**

पृथ्वीमा सबभन्दा लामो खुट्टा सायद प्रचण्ड र माधवको छ होला । उहाँहरू सिंहदरबारको कुर्सीमा बस्दा पनि खुट्टा माइतीघरको सडकमा आइपुग्छ । मौकाअनुसार सत्ता र प्रतिपक्ष बन्नु हुन्छ । यति लामो खुट्टा हुनेको हात कति लामो होला है ?

# धर्मशालाको व्यापारले उठाएको प्रश्न

**दुर्भाग्य के भने हामीसँग धर्मशाला मात्र नभएको होइन, धर्मशालाको अर्थ र यसलाई चलाउने ज्ञान र योजना केही पनि रहेनछ ! जब यो बन्यो र हस्तान्तरण भयो, हामी आत्तियौं । यस्तो सफासुघ्घर र शानदार संरचनामा 'नाथे' तीर्थयात्रीलाई मात्रै राख्ने कुरो भएन । धर्मशाला भनेर मागेको संरचनामा तात्तातै पार्टीको अफिस खोल्ने कुरो पनि भएन ।**

*टिप्पणी*



● नारायण गाउँले

हेर्दै कलात्मक र भव्य देखिने पशुपतिस्थित धर्मशाला, जुन हाम्रो आग्रहमा भारतले बनाइदिएको थियो । काठमाडौंमा लग्जरी होटलको कमी भयो, एउटा बनाइदिनुस् भनेर यो मागिएको थिएन । विश्वभरका हिन्दुको आस्था-केन्द्र रहेको पशुपतिमा एउटा पनि गतिलो धर्मशाला हामीले बनाउन नसकेपछि सहयोग मागिएको थियो । माग्ने बेला कसरी तीर्थयात्रीलाई होटलभन्दा धर्मशालाले सात्विक र सहजतापूर्वक सुलभ बास दिन्छ भनेर मिठो निबन्ध नै लेखिएको थियो । होटलमा क्यासिनोदेखि माछा मासुसम्म पाक्ने हुनाले किन तीर्थयात्रीहरू सकेसम्म होटलमा बास बस्न रुचाउन्नन् भनेर सानोतिनो अध्ययन-रिपोर्ट नै त्यसमा हुँदो हो !

तर, दुर्भाग्य के भने हामीसँग धर्मशाला मात्र नभएको होइन, धर्मशालाको अर्थ र यसलाई चलाउने ज्ञान र योजना केही पनि रहेनछ ! जब यो बन्यो र हस्तान्तरण भयो, हामी आत्तियौं । यस्तो सफासुघ्घर र शानदार संरचनामा 'नाथे' तीर्थयात्रीलाई मात्रै राख्ने कुरो भएन । धर्मशाला भनेर मागेको संरचनामा तात्तातै पार्टीको अफिस खोल्ने कुरो पनि भएन । समग्र पशुपति क्षेत्रको विकास र सम्बर्धन गर्न खोलिएको समितिसँग एउटा धर्मशाला बनाउने होइन, चलाउन सक्नेसम्म योजना र खुबी पनि रहेनछ । जबकी भारतका सबैजसो मुख्य तीर्थ र धार्मिक क्षेत्रमा हजारौं यस्ता धर्मशाला पूर्णतः निःशुल्क चलेका छन् । यतिसम्म कि तिनमा खाना पनि निःशुल्क छ ।

पशुपतिनाथको आम्दानीले यस्ता एक/दुई दर्जन धर्मशाला निःशुल्क चलाउन सकिनुपर्ने हो । कम्तिमा न्यूनतम शुल्कमा गैरनाफामूलक ढंगले यस्ता धर्मशाला चलाउन कुनै मुश्किल नहुनुपर्ने हो । हस्तान्तरण भएको लामो समयसम्म यो यत्तिकै बस्यो । जब भारतीय दूतावासले तीर्थयात्रीले सुविधा पाउने शर्तमा यो बनेको र यत्तिकै खालि हुँदा त्यो सुविधा गुमेको भनेर चिठी नै लेखेर झकझक्यायो, अनि हामीले केही त गर्नै पर्ने भयो ।

तर, यो बनेपछि हाम्रो सातो गयो या चोरदृष्टि खड़ा भयो, भगवान् जानून् । हामीले निजी क्षेत्रलाई होटल खोल्ने गरी यो भवन भाडामा दियौं । यतिसम्म कि धर्मशालाको नाम नै हटाएर 'फलानो होटल' भनेर यो व्यावसायिक रूपमा सञ्चालनमा आयो । कम्पनीका अफिसदेखि गाड़ीका सोरूमसम्म त्यहाँ अटाए ! कोठा र पाहुनाको संख्या उल्लेख्य रूपमा घटाइयो । झन्डै चार सय यात्री अटाउने गरी सम्झौता भएर बनेको धर्मशालामा जम्मा १५० जति बेड राखेर बाँकी अरू उद्देश्यका लागि उपभोग भयो । केही कोठा सहुलियत दरमा देखाएर बाँकीमा सम्झौताविपरीत महँगो शुल्क लिने कुरा बाहिर आए ।


होटल चलाउन भाड़ामा दिएपछि त निजी कम्पनीले हेर्ने भनेको नाफा नै हो । भित्रभित्रै सेटिंगमा साइन गरेर दिइसकेपछि सड़कमा हिरोगिरी देखाउँदै म रद्द गर्छु भनेर हुने कुरो भएन, ऊ अदालत जान्छ, स्टे अर्डर ल्याउँछ, सकेको गर्छ !

एउटा पनि अन्तर्राष्ट्रिय स्तरको सभा सम्मेलन गर्ने ठाउँ भएन, लौ न भनेर चीनसँग राजाले मागेर बनाएको बानेश्वरको सम्मेलन केन्द्रमा अहिले सम्मेलन हुँदैन । अग्रगामी छलाङ्गा नाममा २०५ बाट सांसद संख्या बढ़ाएर ६०० बढ़ी बनाएपछि सिंहदरबारमा नअटाएर त्यही सम्मेलन केन्द्र कब्जा गरेको वर्षौं भयो । त्यसको नामबाट वीरेन्द्र भन्ने पनि हटाइएको रहेछ । लुम्बिनीजस्तो पवित्र धार्मिक स्थललाई प्रदूषणमुक्त बनाउनका लागि विद्युतीय बस चाहियो भनेर मागेको अनुदानले नक्कली बस किनेर लुम्बिनीको साटो काठमाडौंमा उद्घाटन गरेर भोलिपल्टदेखि ग्यारेजमा थन्क्याएको पढ्नुभएको होला । यसो सोच्नुस् त, ओहो लुम्बिनीलाई धुवाँमुक्त बनाउने प्रोजेक्ट भनेपछि दाताले कुन उत्साहका साथ सहयोग गर्यो होला !

माग्दा एउटा उद्देश्य देखाउने, सहमति गर्ने र भोलिपल्टबाट उक्त सहयोगको दुरुपयोग गर्ने यस्तो बानीले हाम्रो देशको विश्वसनीयता त गुम्छ नै, भोलि माग्ने नैतिक बल पनि कम हुन्छ ! भोलि दिए नै भने पनि अनेक शर्त राखेर दिन्छन्, अनि हामीलाई हाम्रो राष्ट्रियता दुख्छ र हामी दिनेमाथि नै गाली गर्न विवश हुन्छौं । आफ्नै पूज्य नेतालाई गाली गर्न त हाम्रो धर्मले दिँदैन ! जय होस् !

# बाँकेमा ६ महिनामा ४४ जना कुष्ठरोगका बिरामी भेटिए

**पवन जयसवाल/मध्यान्ह**
नेपालगञ्ज, ५ फागुन



साइनिङ अस्पताल, आईएनएफ बाँकेको आयोजनामा कुष्ठरोगका बारेमा बिहीबार अभिमुखीकरण कार्यक्रम गरिएको छ । सो पत्रकार अन्तरक्रिया कार्यक्रममा बोल्दै पत्रकार भेषराज बस्नेतले स्थानीय सरकारले यो विषयमा प्राथमिकता दिनुपर्ने बताए । सीमामा कोरोना, मलेरिया लगायतका सरुवा रोगको परीक्षण भइरहेकाले भारतबाट संक्रमण भित्रिन नदिन नाकामा कुष्ठरोगको समेत परीक्षण गर्नुपर्ने उनले बताए ।

बाँकेमा गत ६ महिनामा ४४ जना कुष्ठरोगका बिरामी थपिएका छन् । जिल्ला स्वास्थ्य कार्यालय बाँकेका अनुसार चालु आर्थिक वर्ष २०७८/०७९ को साउनदेखि पुस मसान्तसम्म जिल्लामा ४४ जना नयाँ बिरामी थपिएका हुन् । गत आर्थिक वर्ष २०७७/०७८ मा १ सय २८ जना नयाँ बिरामी थपिएका थिए ।

यस वर्ष थपिएका नयाँ बिरामीमध्ये सबैभन्दा बढी नेपालगञ्जका १३, कोहलपुरका ११ जना रहेको स्वास्थ्य कार्यालय बाँकेका जनस्वास्थ्य निरीक्षक मानव नेपालीले बताए । उनका अनुसार जानकी गाँउपालिकामा ६, नरैनापुर र बैजनाथ गाँउपालिकामा ५/५, खजुरामा ३ र डुडुवामा १ जना नयाँ बिरामी थपिएका हुन् । गत ६ महिनामा राप्तीसोनारी गाँउपालिकामा कुष्ठरोग देखिएको छैन ।

बाँके जानकी गाउँपालिका वडा नं. ३ मानपुरस्थित रहेको आईएनएफद्वारा सञ्चालित साइनिङ्ग अस्पतालमा गत ६ महिनामा ७४ जना कुष्ठरोगका बिरामी फेला परेका छन् । बाँके, बर्दिया लगायत कर्णाली र सुदुरपश्चिमका जिल्लाबाट समेत बिरामीहरु उपचारका लागि आउने गरेको साइनिङ्ग अस्पतालका लेप्रोसी ईन्चाज मंगलबहादुर थारुले जानकारी दिए । भारतबाट समेत बिरामीहरु उपचारका लागि आउने गरेको उनले बताए । आईएनएफद्वारा सञ्चालित साइनिङ्ग अस्पतालमा चालु आर्थिक वर्षको साउनदेखि पुससम्म छ महिनामा ८ हजार ४ सय ३२ जनाले सेवा लिएका थिए । जसमध्ये ७४ जनामा नयाँ कुष्ठरोगी भेटिएका छन् । अशिक्षाको कमी, जनचेतनाको कमी, लाज, डरका कारण अझै पनि समयमै बिरामीहरु उपचार गराउन नआउने समस्या रहेको उनले बताए ।

नेपाल सरकारले सन् २०३० सम्ममा कुष्ठरोग मुक्त नेपाल घोषणा गर्ने लक्ष्य लिएको छ । तर बिरामीहरु खुलेर उपचार गराउन नआउँदा लक्ष्य पूरा गर्न चुनौती देखिएको छ । सरकारको उक्त अभियानलाई सघाउन बाँकेमा कुष्ठरोग भएका बिरामीहरुलाई उपचारमा ल्याउनेलाई ५ सय रुपैँया पुरस्कारको व्यवस्था पनि गरिएको छ । आगामी सेप्टेम्बरसम्म यो योजना सञ्चालनमा रहेको र सरकारले स्वास्थ्य संस्थाहरुमा कुष्ठरोगको उपचार निःशुल्क गर्ने गरेको साइनिङ्ग अस्पतालका इन्चार्ज थारुले बताए ।

उनले कुष्ठरोगको समयमै उपचार गराएमा अंगभंग हुनबाट बाँच्न सकिने बताए । छालामा रातो व फुस्रो नचिलाउने दाग भएमा, छुँदा थाहा नहुने स्पर्श शक्ति हराएको, लगातार हात खुट्टा झमझम गर्ने, हातगोडाहरु पोल्ने र निदाएको जस्तो भएमा, अनुहारको छाला, कानको लोती बाक्लो हुने र चम्किलो देखिएमा, लगातार हातखुट्टाको मानपेशी कमजोर हुने जस्ता लक्षण देखा परे नजिकको स्वास्थ्य केन्द्र अथवा साइनिङ्ग अस्पतालमा गएर उपचार गराउन सकिने तथा औषधि निःशुल्क भइरहेको इन्चार्ज थारुले जानकारी दिए ।

नेपालमा सबैभन्दा बढी कुष्ठरोगका बिरामी कपिलवस्तु, बाँके र रुपन्देही जिल्लामा फेला परेका छन् । जनसंख्या बढी भएकाले र उपचार गर्ने संस्था धेरै भएका कारणले पनि लुम्बिनी प्रदेशका यी ३ जिल्लामा बढी समस्या देखिएको हुनसक्ने इन्चार्ज थारुको भनाइ छ । भारतसँग सीमा जोडिएका जिल्ला भएकाले पनि आवतजावतमार्फत संक्रमण बढेको हुनसक्ने अनुमान गरिएको छ । संक्रमण भएको हातखुट्टालगायतका अंग अंगभंग हुन सक्ने भएकाले यो सरुवा रोगको नियन्त्रण जरुरी रहेको उनले बताए । त्यसका लागि सरकारले बनाएका रणनीतिको कार्यान्वयन गर्नुपर्ने, स्थानीय जागरुक हुनुपर्ने देखिएको उनको भनाइ छ । सो कार्यक्रममा यम बहादुर केसी, लोकेन्द्र बहादुर रोका क्षेत्री लगायतको उपस्थिति रहेको थियो ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७६/११/२३ मा दर्ता भएको **प्रा.लि. नं. २३६०६८** को **न्यू मुनाल पाहुना घर कम्पनी प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउं भनि यस कार्यालयमा निवेदन पेश गरेको हुंदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**एस. स्मार्ट मिडिया प्रा.लि.**

**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सुचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०६९/१०/१७ मा दर्ता भएको प्रा.लि. नं. १०९२९७/०६९/०७० को **एस. स्मार्ट मिडिया प्रा.लि.** को संचालकहरुको मिति २०७८/११/०५ मा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसँग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सूचित गरिन्छ ।

**सरोज दाहाल**
**दामासाही ब्यवसायी**
**इजाजत नं. ३५३**

**प्रतीक ल फर्म**
**भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे**
**मोबाइल नं. : ९८५१२११००२**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७८/११/०६**

**नेपाली बाबा होल्डिङस् प्रा.लि.**को मिति २०७८/१०/१७ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नाम **फ्युचर लिंङ्क्स कम्युनिकेशन प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्टारको कार्यालयबाट समेत मिति २०७८/१०/२४ गतेको निर्णयअनुसार कम्पनीको नाम परिवर्तन गरी **फ्युचर लिंङ्क्स कम्युनिकेशन प्रा.लि (प्रा.लि.नं. १८४३५१/०७४/०७५)** कायम गरिएको व्यहोरा सम्बद्व सबैका लागि जानकारी गराईन्छ ।

**कम्पनीका नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७८/११/०६**

**जय माता पाथिभरा फिड्स एण्ड फुड प्रा.लि., अनारमुनी ०१, झापाको** मिति २०७८/११/०१ मा बसेको विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नाम **सेभेन सिज इन्भेष्टमेन्ट प्रा.लि. (प्रा.लि.नं.७६५०५) का.म.न.पा. ३२ काठमाडौंले** सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्टारको कार्यालयबाट समेत मिति २०७८/११/०३ गते स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**युएईमा रोजगारको अवसर** | कम्पनी : ZAWAYA AL TASMIM MAINTENANCE AND DECOR L.L.C. शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/११/०४ चलानी नं.: ६०१७४६०५ LT. No.:258150

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gypsum Painter | 20 | 0 | स. काममा दक्ष | 1200 | ३९,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १२ गते (24 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301
CONTACT NO- 9841788448, 9803515104, 9816332223, 9808466028, 9852059287, 9845878321, 9869317171



**UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : PLUTO ELECTROMECHANICAL CONT. LLC. शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/११/०५ चलानी नं.: ६०१७४६५० LT. No.: 257981

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician Assistant | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber | 15 | 0 | | 1000 | ३२,६२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १५ र १६ गते (27 & 28 Feb. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**काबेली ह्युमन रिसोर्स प्रा. लि.** Govt. Lic No.: 807/065/066
पिंगलास्थान-९, गौशाला, काठमाडौं ,नेपाल, फोनः ४११३६०७, फ्याक्सः ४११३६०७



**मलेशियामा रोजगार** | कम्पनीः MI VENTURES SDN BHD शहरः RAWANG

पूर्व स्वीकृत मितिः २०७६/०९/०८ चलानी नं.: ६०१४८८७६ LT. No.: 229831 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farming Worker | 4 | 0 | स. काममा दक्ष | 1100 | ३१,४९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १३ गते (25 Feb. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोस७ग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुस७ग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लुम्बिनी दर्शन म्यानपावर प्रा. लि.** श्रम इजाजत नं. ५७९/०६२/०६३
पिङ्गलास्थान-९, नेपाल, (पशुपति भिजनको अगाडी) गौशला, काठमाडौं
फोनः ४४८११७७, E-mail: lumbinidarshan014@gmail.com



**कतारमा रोजगार** | १. कम्पनी : ADVANCED SOLUTIONS FOR TRADING AND CONTRACTING शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/११/०४ चलानी नं.: ६०१७४६४६ LT. No.: 258007

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : ERTIBAT ENGINEERING शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/११/०५ चलानी नं.: ६०१७४६४५ LT. No.: 258008

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 3 | 0 | | 1200 | ३९,४९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १३ गते (25 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सुर्या इन्टरनेशनल प्रा.लि.** श्रम इजाजत नं. २३३/०६८/६९
बतिसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४६९९५१, ४४६९९५२,
E-mail : hr.suryanep@gmail.com, Web : www.suryanep.com
Mobile No.: 9818861357, 9823040845



**कतारमा रोजगारको अवसर** | Company : CAPITAL HYPERMARKET City : Doha

पूर्व स्वीकृत मितिः २०७८/११/०५ चलानी नं.: ६०१७४६३२ LT. No.: 258203

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 0 | 4 | | 1000 | ३२,९१० | | | | | | | |
| 3. | Salesman | 2 | 0 | | 1300 | ४२,७८५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १३ गते (25 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Bhandari Overseas Pvt. Ltd.**
Shantinagar-31, Fourth Floor, Bhandari Tower, Kathmandu
पो.ब.नं. १९६४१, फोनः ४६२२३१५, ४६२०८५८, मो.: ९८५१४४४५८५, ९८०१०७९४८०
Email: info@bhandarioverseas.com.np, md@bhandarioverseas.com.np | Website: bhandarioverseas.com



**कतारमा रोजगार** | कम्पनीः TAWAR MALL REAL ESTATE MANAGEMENT AND RENTAL COLLECTION शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/१०/२१ चलानी नं.: ६०१७३९९३ LT. No.: 257538 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 13 | 5 | स. काममा दक्ष | 1000 | ३२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १३ गते (25 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ब्लु बर्ड ओभरसिज प्रा. लि.** License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४४३६८०२, ४४३८६०९, मो. : ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, Web : www.bluebirdoverseas.com



**Croatia मा रोजगारको अवसर** | कम्पनी : HUMBLE HUNTER D.O.O शहरः Croatia

पूर्व स्वीकृत मितिः २०७८/११/०५ चलानी नं.: ६०१७४६४१ LT. No.:258192

‘प्रचण्डले लोकदोहोरी गायिका कल्पना दाहाल, मोडल करिश्मा ढकाल, राजेशपायल राई, सन्दीप क्षेत्रीलगायत केही कलाकारको प्रतिभाबाट म प्रभावित भएँ चियाका लागि बोलाउनु, शुभकामना दिनु पर्यो भन्नु भएको थियो’ सापकोटाले भने ‘सोही अनुसार भेट गरेका हौं।

केही कालाकार भने स्वास्थ्यमा समस्या भएका कारणले सहभागी हुन सकेनन्।’ भेटमा गायक राइले नेपाली गीतसंगीतको विकास, जनयुद्ध र पछिल्लो राजनीतिको बिषयमा कुराकानी गरेको सापकोटाको भनाइ छ।


## साउदीमा बैदेशिक रोजगारको अवसर

**कम्पनी** :Jawa Human Resources Co. शहर: **Saudi Arabia, Al-Khobar**

पूर्व स्वीकृती मिति : २०७८/११/०५ चलानी नं.६०१७४६६१ **LT No. 258221**

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Common Worker | 100 | काममा दक्ष | 1000 | ३२,२०० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैले | रु ७००/- कामदार आफैले | रु १५००/- कामदार आफैले | निःशुल्क | निःशुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०७८ फागुन १३, १४ र १५ गते **(25-27 Feb, 2022)** मा हुनेछ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसग राख्नुहोला। ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला।

**Empire International Pvt. Ltd.**
Shantinagar, Kathmandu, Nepal
Phone No.:01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np
Lic. No. 695/063/064

## कतारमा वैदेशिक रोजगारको अवसर | कम्पनीः FOR FIT शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/११/०५ चलानी नं.: ६०१७४६२९ **L.T. No.: 258114**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 2 | स. काममा दक्ष | 1200 | ३९,४९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १३ गते (25 February 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Advanced Management Consultants Pvt. Ltd.**
ADVANCED MANAGEMENT CONSULTANTS "manpower supply & recruitment consultant"
Gov. lic. No.: 1470/074/075
01-4964211 Samakhushi-26, Kathmandu
www.amgroup.com.np info@amgroup.com.np

## कतारमा वैदेशिक रोजगार | कम्पनी : Muhan Heavy Equipment Trading शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/११/०५ चलानी नं.: ६०१७४६३५ **LT. No.: 258033**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६२,५२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 2 | 0 | | 1000 | ३२,९१० | | | | | | | |
| 3. | Manager | 1 | 0 | | 10000 | ३,२९,१०० | | | | | | | |
| 4. | supervisor | 1 | 0 | | 5000 | १,६४,५५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १३ गते (25 February 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Fine Job Recruitment Pvt.Ltd.**
P.O.Box : 6163, Sinamangal-9, Kathmandu, Tel 4110721, 4110722
Mob.: 9801061512, 9841876087
Email : finejobrecruitment@gmail.com, finejobrecruitment74@gmail.com, URL : www.finejob.com.np
श्रम इजाजत नं. ११८०/०७३/७४


**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**

## पूर्वाधार विकास निर्देशनालय
## पूर्वाधार विकास कार्यालय

**कर्णाली प्रदेश, सल्यान**

### आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सुचना

**(प्रकाशित मिति २०७८।११।०६)**

उपरोक्त सम्बन्धमा यस कार्यालयद्धारा मिति २०७८।०९।१४ मा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना (Single Stage Two Envelope) अनुसार PPMO को E–Procurement Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्याङकनमा निंम्न अनुसारको बोलपत्रदाताहरुले प्राविधिक प्रस्तावको शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव प्रस्ताव मिति २०७८/११/१३ गते विनको १२:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजानिक खरिद नियमावलि २०६४ को नियम ३१ को उपनियम ५ तथा ६ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागी सूचना प्रकाशन गरिएको छ।

| ठेक्का न | कामको विवरण | प्राबिधिक प्रस्ताव मूल्यांकनबाट छनौट भएका बोलपत्रदाताहरु |
|---|---|---|
| IDO/SLN/N CB/W/04/78 /79 | Protection works at luham kavra kalimati Road. | Applied Engineering PVt ltd |
| | | Narayanam - Bhagawati JV |
| | | Himdung Nishan JV |
| | | Bright Multi Construction Private Limited |
| | | Sisne Construction Pvt. Ltd |
| | | Sundaradevi - Jaya Dhananjaya JV |
| | | Tirupate Nirman Sewa Pvt. Ltd |

## धनपालथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**सोराभाग, मोरङ**
**प्रदेश न. १, नेपाल**

### बिधुतीय बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८।११।०६**

यस धनपालथान गाउँपालिकाको आ.व. २०७८।०७९ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत तपसीलमा उल्लेखित योजनाहरु ठेक्का प्रकृयावाट संचालन गर्नु पर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायीवाट रीतपूर्वकको **E–Bidding** (बिधुतीय बोलपत्र) आह्वान गरीएको छ।

**तपसीलः**

| क्र. सं. | ठे.नं. | ठेक्का विवरण | ल.ई.रकम (मू.अ.कर वाहेक) | धरौटी रकम | बोलपत्र पेश गर्ने प्रकृया | वोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | DPTRM/SBG/NCB २७/२०७८/०७९ | कर्सिया-पानी टंकी-कलिका स्कुल हुदै फुटानी चोक सडक कालोपत्रे गर्ने (पाचौ खण्ड) | रु.४१,३३,९४०।९० | रु. १,१४,०००।०० | E–Bidding | ३०००।०० |
| २ | DPTRM/SBG/NCB २८/२०७८/०७९ | नोचा अमाही सडक कालोपत्रे (दोस्रो खण्ड) (CH 0+551 m to 0+851 m) | रु. ४२,२२,८३६।२३ | रु. १,०८,०००।०० | E–Bidding | ३०००।०० |
| ३ | DPTRM/SBG/NCB २९/२०७८/०७९ | भंगा पुल देखि उत्तर जाने सडक कालोपत्रे | रु. ३४,९५,२२०।१४ | रु. ९६,०००।०० | E–Bidding | ३०००।०० |
| ४ | DPTRM/SBG/NCB ३०/२०७८/०७९ | शारदा स्कुल देखि दक्षिण हरकपुर हुदै लखन्तरी आनन्द चोक सम्मको सडक कालोपत्रे (CH 1+840 m to 2+160 m) | रु. ४२,७६,७१६।८५ | रु. १,१८,०००।०० | E–Bidding | ३०००।०० |
| ५ | DPTRM/SBG/NCB ३१/२०७८/०७९ | मायागञ्ज देखि बेतौना जाने सडक कालो पत्रे (CH 2+845 m to 3+130 m) | रु. ८०,९२,२०१।८८ | रु. २,२४,०००।०० | E–Bidding | ३०००।०० |
| ६ | DPTRM/SBG/NCB ३२/२०७८/०७९ | कदमाहा नोचा सडक कालोपत्रे | रु. ८२,१३,३६७।१२ | रु. २,२६,०००।०० | E–Bidding | ३०००।०० |

थप शर्तहरु तथा जानकारीको लागि यस गा.पा.को **Website: dhanapalthanmun.gov.np** वाट जानकारी लिन सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## लक्ष्य विश्वकप

# नेपाल र ओमान भिड्दै

## प्रशिक्षक र कप्तान छनोट हुनेमा आशावादी



**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ फागुन

आइसिसी पुरूष टी-२० विश्वकप ग्लोबल छनोटअन्तर्गत समूह 'ए' को खेल शुक्रबारदेखि ओमानमा शुरु हुँदै छ । ओमानको एकेडेमी १ मा हुने खेलमा नेपालले विजयी लक्ष्य हासिल गर्ने उद्देश्यका साथ शुक्रबार ओमानको सामना गर्नेछ । विश्वकप ग्लोबल छनोटको तयारीस्वरुप नेपालले यसअघि चार देश सम्मिलित टि ट्वान्टी सिरिज खेलेको थियो । यसमा नेपालले ओमानलाई ६ विकेटले पराजित गरेको थियो ।

सोही सिरिजको अन्य खेलमा संयुक्त अरब इरिमेटसँग (युएई) २५ रन र आयरल्यान्डसँग १६ रनले पराजित भएको थियो । त्यसअघि नेपालले ओमानसँग टी-ट्वान्टीमा पछिल्लो पटक सन् २०१९ मा खेलेको थियो । जसमा ओमानले नेपाललाई ६ विकेटले पराजित गरेको थियो ।

विश्वकप ग्लोबल छनोटअन्तर्गत समूह 'ए' मा विभिन्न आठ राष्ट्र सहभागी छन् । जसमा आयोजक ओमानसहित नेपाल, बहराइन, क्यानडा, जर्मनी, आयरल्यान्ड, फिलिपिन्स र संयुक्त अरब इमिरेट्स (युएई) छन् ।

ती आठ टोलीलाई पनि दुई समूहमा विभाजन गरिएको छ । समूह १ मा नेपाल, क्यानाडा, फिलिपिन्स र ओमान छन् भने समूह दुईमा युएई, बहराइन, आयरल्यान्ड र जर्मनी रहेका छन् । प्रतियोगिता फाइनल पुग्ने दुई टोलीले आगामी अक्टोबर १६ देखि नोभेम्बर १३ सम्म अष्ट्रेलियामा हुने टि २० विश्वकपमा स्थान बनाउनेछन् ।

नेपाली टोलीमा सन्दीप लामिछाने (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, दीपेन्द्रसिंह ऐरी, ज्ञानेन्द्र मल्ल, शरद भेषावकर, आरिफ शेख, जीतेन्द्र मुखिया, अभिनाश बोहरा, कमलसिंह ऐरी, विवेक यादव, सागर ढकाल, लोकेश बम र गुलशन झा छन् । वैकल्पिकमा भने कुशल मल्ल, साहब आलम र प्रदीप ऐरी छन् ।

नेपाली राष्ट्रिय क्रिकेट टिमका मुख्य प्रशिक्षक पुबुदु दासानायके र कप्तान सन्दीप लामिछानेले पुनः नेपाल विश्वकपमा छनोट हुने विश्वास व्यक्त गरेका छन् । ओमानविरुद्धको खेल अघि प्रशिक्षक दासानायकेले नेपाल राम्रो अवस्थामा रहेको तथा खेलाडीहरु फर्ममा रहेको बताए । उनले भने, 'ब्याटिङमा राम्रो सुधार हुँदैछ । फास्ट बलर र स्पीनरहरु राम्रो अवस्थामा छन् र उनीहरुले योजना अनुसार काम गरिरहेका छन् ।' उनले ओमानमा भएको चारदेशीय टी-ट्वान्टी सिरिजमा खेलेका तीन खेलले खेलाडीहरुलाई ओमानको कन्डिसन बुझ्न तथा उच्च स्तरको खेलका लागि तयार पार्न मदत गरेको विश्वास व्यक्त गरे ।

कप्तान लामिछानेले विश्वकप छनोटका लागि चारदेशीय सिरिज विश्वकप छनोटको लागि एकदशै महत्वपूर्ण रहेको बताए । उनले भने, 'खेलाडीहरुको व्यक्तिगत प्रदर्शनदेखि लिएर मैदानको अवस्था बुझ्नसम्म सबैकुरा प्रभावकारी भयो । बलिङ, ब्याटिङ र फिल्डीङ सबैमा विस्तारै सुधार गर्दै गएका छौ । आउने खेलको तयारीका लागि सिरिज एकदशै राम्रो थियो । सिरिजबाट धेरै सकारात्मक कुरा लिन सकिन्छ ।'

# मनाङ एपीएफसँग पराजित, संकटामाथि एनआरटीको जित

**काठमाडौं/मस-** शहीद स्मारक ए डिभिजन लिग फुटबलमा मनाङ मर्स्याङ्दी क्लब पराजित भएको छ । बिहीबार भएको खेलमा मनाङ विभागीय टोली एपीएफ क्लबसँग ३-१ गोल अन्तरले पराजित भएको हो । त्रिपुरेश्वर स्थित दशरथ रंगशालामा पहिलो हाफ १-१ गोलको बराबरीमा सकिएको खेलमा एपीएफले दोस्रो हाफमा थप दुई गोल गरेको हो ।

खेलको ३७ औं मिनेटमा कप्तान अन्जनले गोल गर्दै मनाङलाई सुरुआती अग्रता दिलाएका थिए । गोलकिपर विशाल सुनारको लामो पासमा एपीएफका गोलकिपर युया कुरियामा अघि बढेको अवस्थामा अन्जनले हेडर मार्फत गोल गरे ।

तर, खेलको ४० औं मिनेटमा आशिषले गोल गर्दै एपीएफलाई १-१ को बराबरीमा ल्याए । कप्तान नविन लामाको पासमा मनाङका डिफेन्डर नरेन्द्र चौधरीले क्लियर गर्न नसकेको बल अघि बढाउदै आशिषले सहजै गोल गरे ।

खेलको ८१ औं मिनेटमा



मनिले गोल गर्दै एपीएफलाई २-१ को अग्रता दिलाए । कप्तान नविन लामाको पासमा उनले सहजै गोल गरेका हुन् । त्यसपछि खेलको ८६ औं मिनेटमा कप्तान नविनले गोल गर्दै एपीएफलाई ३-१ को जित दिलाए । जितपछि एपीएफ १४ अंक जोडेर लिगको आठौं स्थानमा उक्लिएको छ । मनाङ २० अंकसहित दोस्रो स्थानमा छ ।

लिगअन्तर्गत बिहीबार नै सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा न्यूरोड टिम एनआरटीले संकटा क्लबलाई १-० गोल अन्तरले पराजित गरेको छ । एनआरटीलाई जित दिलाउन स्टेफेन समिरले निर्णायक गोल गरे । समिरले खेलको २८ औं मिनेटमा सरोज तामाङको लामो पासमा संकटाका दुई डिफेन्डरलाई छकाउँदै गोल गरेका हुन् । जितसँगै ११ खेलमा १७ अंक जोडेको एनआरटी तालिकाको पाँचौ स्थानमा छ । ११ खेलमा १५ अंक जोडेको संकटा छैटौं स्थानमा रहेको छ ।

## सबै काम अगाडि बढाउँछु : थापा

**काठमाडौं/मस-** राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कार्यकारी अधिकारको जिम्मेवारी पाएका कुलबहादुर थापाले राखेप सदस्य-सचिवको अनुपस्थितिमा रोकिएका सबै कामलाई अगाडि बढाउने बताएका छन् । बिहीबार पदवहाली गर्ने क्रममा थापाले सो कुरा बताएका हुन् ।

CENTURY BANK | सेञ्चुरी बैंक

### धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०७८/११/०६)

तपसिलमा उल्लेखित ऋणीहरुले यस सेञ्चुरी कमर्सियल बैक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट सवारीसाधन कर्जा शिर्षक अन्तर्गतको ऋण कर्जा लिए बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज, थप ब्याज, अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा एवं बिभिन्न मितिको राष्ट्रिय दैनिक पत्रीकामा "ऋण चुक्ता गर्नेबारे ३५ दिने सार्वजनिक सूचना" प्रकाशित गर्दासमेत बैंकको ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको तथा बैंकको सम्पर्कमा समेत नआएकोले ऋणीले ऋणकर्जा लिदाँ धितो सुरक्षण वापत लेखिदिनुएको तपसील बमोजिमको सम्पत्ति जे जस्तो अवस्थामा रहेको छ, सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्रि गरिने हुँदा उक्त सम्पत्ति लिन इच्छुक व्यक्ति, फर्म, संगठित संघ संस्था तथा कम्पनिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफ्नो बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित ऋण रकम वापत ब्यक्तिगत जमानत दिनु हुने र सम्बन्धित सरोकारवाला सबैलाई धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार ऋणी, व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि आवश्यक पहल गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सरोकारवाला सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । तसर्थ, यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस बैकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरीगराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत बिशेष अनुरोध गरिएको छ ।

तपसिल

| ऋणी, सञ्चालक तथा जमानी दिनेको बिवरण | सुरक्षणको बिवरण |
|---|---|
| **केन्द्रिय कार्यालय : पुतलीसडक** | |
| **ऋणी:** कम्पनी ऐन, २०५३ बमोजिम नेपाल सरकार (साविकको श्री ५ को सरकार) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा मितिः २०६१/१०/०७ गते दर्ता भई प्रा.लि.नं. ३२५८५/०६१/६२ कायम भई काठमाण्डौ जिल्ला का.म.न.पा. वार्ड नं. ७ चाबहील, काठमाण्डौ स्थित रजिष्टर्ड ठेगाना रहेको **श्री बाम्ती भण्डार निर्माण सेवा प्रा. लि.** । **संचालक तथा व्यक्तिगत जमानतकर्ताको बिवरण :**  दिनेश झाको नाति विवेका नन्द झाको छोरा सप्तरी जिल्ला मौवाहा गा.बि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने **विश्वास झा** (ना.प्र.न. ४४८६,जारी मिति २०५८/११/१५, जि.प्र.का.सप्तरी ) । | १. धनी सेञ्चुरी कमर्सियल बैंक लि ऋणी बाम्ती भण्डार निर्माण सेवा प्रा. लि. कायम भएको यातायात ब्यवस्था कार्यालय एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको, सवारी साधन नं बा. २ क ४८७२ च्यासिस नं. N602D01782 ईन्जिन नं. 22222043 को Hyundai Hydraulic Excavator Model No. R220LC-7 थान.....................१ । |
| **शाखा कार्यालय : मानभवन** | |
| **ऋणी**  कृष्णहरि तिमल्सिनाको नाती, बिष्णुप्रसाद तिमल्सिनाको छोरा काभ्रे जिल्ला, बनेपा न.पा वडा नं. ११ स्थायी ठेगाना भई हाल काभ्रेपलान्चोक जिल्ला, श्रीखण्डपुर गा.वि.स, वडा नं. ५, बस्ने **श्री धर्मप्रसाद तिमल्सिना** (ना.प्र.नं ७९९११, जारी मिति २०५५/०८/०८, जि.प्र.का. काभ्रेपलान्चोक) **ब्यक्तिगत जमानतकर्ता :**  नवराज बजगाईको छोरी, बिष्णुप्रसाद तिमल्सिनाको बुहारी धर्मप्रसाद तिमल्सिनाको पत्नी, काभ्रेपलान्चोक जिल्ला, उग्रचण्डी गा.वि.स, वडा नं. ८ स्थायी ठेगाना भई हाल काभ्रेपलान्चोक जिल्ला, श्रीखण्डपुर गा.वि.स, वडा नं. ५ बस्ने **श्री सावित्री बजगाई** (ना.प्र.नं ११७४४१, जरी मिति २०६०/०२/०१, जि.प्र.का. काभ्रेपलान्चोक) | धनी सेञ्चुरी कमर्सियल बैंक लि (तत्कालीन सगरमाथा फाइनान्स लि.) तथा ऋणी धर्मप्रसाद तिमल्सिना कायम भएको यातायात ब्यवस्था कार्यालय एकान्तकुना ललितपुरमा दर्ता कायम रहेको, सवारी साधन न बा ३ ख ९७८२ च्यासिस न MC1E4DHA3GP020173, ईन्जिन न D56006499 रहेको सवारी साधन (फोर्स मिनि बस) थान.................१ |

**लिलामीका शर्तहरु**

१ बोलपत्र फारम बैंकको प्रधान कार्यालय कर्जा असुली तथा अनुगमन विभाग, पुतलीसडक, काठमाडौ तथा शाखा कार्यालयहरु बाट रु.५००/ बुझाई प्राप्त गर्न सकिने छ ।
२. उक्त सम्पती जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा खरिद गरि लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
३. लिलाम विक्री हुने सम्पत्तिको सम्वन्धित कागजात हेर्न चाहनु हुने महानुभावहरुले यस बैंकको केन्द्रिय कार्यालय, पुतलीसडक, काठमाडौमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
४. सकारगरी लिन चाहेको सम्पती के कती रकममा लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । यदि अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइनेछ ।
५. आफुले कबोल गरेको रकमको १० प्रतिशत ले हुन आउने धरौटी रकम बापत यस बैंकको नाममा रहेको खाता नं. Escrow Account No. ९१८०४५०१६०० मा जम्मा गरी नगद जम्मा भौचर समेत शिलबन्दी बोलपत्रका साथ समावेस गरि पेश गर्नु पर्नेछ ।
६. शिलबन्दी बोलपत्र यो सुचना प्रकासित भएको मितिले १५ दिन अर्थात मिति २०७८/११/२० गते शुक्रबार भित्र बैंकको केन्द्रिय कार्यालय, पुतलीसडक, काठमाडौमा, प्राप्त भई सक्नु पर्ने छ ।
७. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको पहिलो मध्यान्ह १२:०० बजे सम्म बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा पनि बिदाको लगतै बैंक खुलेको पहिलो दिन सोहि समयमा बोलपत्र खोलिनेछ ।
८. शिलबन्दी बोलपत्र बैंकको केन्द्रिय कार्यालय, पुतलीसडक, काठमाडौमा, बोलपत्रकर्ता वा निजको प्रतिनिधी र अन्य प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । तर बोलपत्रकर्ता वा निजको प्रतिनिधिको अनुपस्थितमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।
९. लिलाम सकार गर्ने व्यक्तिले बैंकबाट लिलाम स्वीकृत भएको सुचना पाएको मितिले १५ (पन्द्र) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनु पर्ने छ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको रकम स्वतः जफत हुनेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्ति नामसारी गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर र धारा बिजुली शुल्क (बाँकी बक्यौता समेत) आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नु पर्नेछ ।
११. सम्पत्ती नामसारी भइसकेपछि साबिकको भोगचलन कर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्वन्धित खरिद कर्ताको हुनेछ । साथै उक्त कार्यको लागी बैंकले आवस्यक सहयोग गर्नेछ ।
१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. यस सम्वन्धमा अन्य जानकारीको लागी यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली बिभाग, पुतलीसडक, काठमाडौमा सम्पर्क राख्नहुन अनुरोध छ ।
१४. बोलपत्र खोले पश्चात बोलपत्रकर्ताहरु मध्ये सबै भन्दा बढी रकमको बोलपत्र पेश गर्ने सँग बोलपत्र रकमको सम्वन्धमा आवश्यक्ता अनुसार सहमती गरी रकम बढाउन सकिनेछ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७८/११/२० गते शुक्रबार,**
**बोलपत्र खोलिने मिति : २०७८/११/२२ गते आईतबार,**
**समय : मध्यान्ह १२:०० बजे,**
**स्थान : केन्द्रिय कार्यालय, पुतलीसडक, काठमाडौं ।**

**सेञ्चुरी कमर्सियल बैंक लिमिटेड**
केन्द्रीय कार्यालयः पुतलीसडक, काठमाण्डौं । फोनः ४४४५०६२ । फ्याक्सः ४४४१४२२
Web: www.centurybank.com.np | Email: welcome@centurybank.com.np

### भूल सुधार

मिति २०७८/१०/२८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **UAE** मा रोजगार शिर्षकको, १.कम्पनीः **Cars Taxi Services Co. LLC** पूर्व स्वीकृत मितिः २०७८/०६/१५, चलानी नं.: ६०१६४५४५, **LT. No.: 247397** र २.कम्पनीः **Metro Taxi LLC** पूर्व स्वीकृत मितिः २०७८/१०/१७, चलानी नं.: ६०१७३७६३, **LT. No.: 257105** को विज्ञापनमा अन्तर्वार्ता बिर्तामोडमा फागुन ८ गते **(20 Feb. 2022)** र पोखरामा फागुन ७ गते **(19 Feb. 2022)** मा हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

RAJ GROUP
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

### सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/११/६**

यस सा.व.स. बाट संकलित साल गोलिया काठ ७७९.८० क्युफिट र साल दाउरा २ चट्टा विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**स्याकुन्थोक सामुदायिक वन उपभोक्ता समूह, व्यास ९, तनहुँ**

### प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७८/११/०६**

भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुकुम (पूर्वी भाग)द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | प्रस्तावकको नाम : भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगाना : रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल<br>फोन नं: +९७७-९८०८५०२०२३, ९८०९८१८७७७<br>ईमेल : bhumemun@gmail.com |
| **प्रस्तावको व्यहोरा** | गैरिगाउँ- गौकम्दा- चोरबाटो- भेरीडाँडा- सग्राहलय सडकको (७.४८१ कि.मि.) निर्माण तथा स्तरोन्नतिको लागि प्रारम्भिक वातावरणीय परीक्षण<br>प्रस्तावित फर्मेसन चौडाई ७ मि., क्यरिज वे चौडाइ ३.७५ मि., शोल्डर चौडाइ ०.७५ मि. दुबै तर्फी, |
| **प्रभाव पर्न सक्ने जिल्ला/गा.पा/वडा** | लुम्बिनी प्रदेश, रुकुम(पूर्वी भाग) जिल्ला, भूमे गाउँपालिकाको वडा नं. ९ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइ पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | प्रस्तावकको नाम : भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगाना : रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल<br>फोन नं: +९७७-९८०८५०२०२३, ९८०९८१८७७७, ईमेल : bhumemun@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | नामः मार्टिन इन्जिनियरिङ सलुशन प्रा.लि<br>ठेगानाः नयाँ बानेश्वर, काठमाडौं<br>फोन नं: ९८५११८६२३१, इमेलः sonysantosh333@gmail.com |

## तामाकोशी गाउँपालिकाका गाउँ कार्यपालिकाको कार्यालय

**जफे, दोलखा**
**बाग्मती प्रदेश**

### बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको सूचना

**प्रकाशित मिति २०७८/११/०६**

मिति २०७८/०९/२७ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको **website** मा प्रकाशित सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन-**2063**, दफा **27**, उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिलः-**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर र PS सहित) |
|---|---|---|---|---|
| १ | 07/TRM/NCB/Works/R/2078-79 | Upgrading work of Deurali Jangare Road. | A.P Builders Pvt. Ltd, Kathmandu. | ७८,२७,७६१.५५ |
| २ | 08/TRM/NCB/Works/2078-79 | Construction of Boundary wall & Main gate at Tamakoshi RM-02, Jhule, Dolakha | Ashika Construction & sarsafai, Virkot, Dolakha. | १३,७३,०६१.८७ |
| ३ | 06/TRM/NCB/Goods/T.B./2078-79 | Fabricated Steel Parts for Trial Bridge | Jalap (P) Ltd, Bharatpur-8, gauriganj, chitwan | २४,९१,४३७.५५ |

**प्रमुख प्रशासकीय अधिकृत**

# मर्जरमा जाने बीमा कम्पनीलाई सुविधासहित थप छुट




**नारायण अर्याल / मध्यान्ह**
काठमाडौं, ५ फागुन

मर्जरमा जान चाहने बीमा कम्पनीहरुले थप सुविधा तथा छुट पाउने भएका छन् । बीमा समितिले मर्जरमा जाने बीमा निर्देशिकामार्फत थप छुट तथा सुविधाको व्यवस्था गरेको हो । बीमा समितिले कम्पनीहरुलाई जारी गरेको बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०७६ लाई प्रथम पटक संशोधन गर्दै थप सुविधा तथा छुट उपलब्ध गराउने निर्णय गरेको छ । बीमकलाई गाभेको कारणबाट गाभ्ने बीमकको सेयर संरचनामा कुनै व्यक्ति, समूह वा संस्थाको नाममा चुक्ता पुँजी पन्ध्र प्रतिशतभन्दा बढी सेयर स्वामित्व कायम हुन गएमा वा प्रतिहिस्सेदारी (क्रस होल्डिङ) हुने भएमा त्यस्तो सेयर स्वामित्वलाई सीमाभित्र ल्याउन थप दुई वर्षको अवधि प्रदान गर्ने सुविधालाई समितिले संसोधन गरेको छ । मर्जरको प्रकृया समाप्त भएका कम्पनीका अभिकर्ताहरुलाई विगतमा प्रदान गरिएको ऋण असुली र व्यवस्थापनमा ६ महिना सम्म समय उपलब्ध गराउने व्यवस्था संसोधित निर्देशिकामा थप गरिएको छ । मर्जर सम्पन्न भएपश्चात कार्यालय व्यवस्थापन गर्दा १ वर्षसम्म भएको खर्चलाई व्यवस्थापन खर्चमा शमावेश नगर्ने छुट दिन सक्ने व्यवस्था निर्देशिकामा गरिएको छ ।

बीमा कम्पनीका संचालकको तोकिएको कार्यकाल समाप्त भई निर्वाचन गर्नुपर्ने अवस्था भएको भएतापनि गाभिएर वा प्राप्ति पश्चात प्रचलित अर्को निर्वाचन नभएसम्मको लागि बहाल रहन सक्नेछन् । गाभ्ने, गाभिनेमध्ये कुनै बीमकको संस्थागत संस्थापक बैंक, वित्तीय संस्था वा संचालकसँग लगानी तथा व्यवसायमा वित्तीय स्वार्थ देखिने अवस्था भएमा सो हटाउन एकवर्षको समय कम्पनीहरुले प्राप्त गर्न सक्नेछन् । त्यस्तै मर्जरपछिको एकीकृतरुपमा बीमांकीको प्रतिवेदन पेश गर्न कम्पनीहरुले थप ६ महिना समय प्राप्त गर्नेछन् । गाभ्ने, गाभिने प्रक्रियामा कुनै बीमकको संस्थापक सेयर प्रतिशत अन्य गाभ्ने, गाभिने बीमकभन्दा बढी भई समान प्रतिशत कायम गर्नुपर्ने अवस्थामा बिक्री गर्न पाउने बन्देज अवधि (लकिङ) पिरियड ५ वर्ष नपुगेता पनि उपयुक्तता जाँच (फिट एण्ड प्रोपर टेष्ट) गरी बिक्री गर्न स्वीकृत दिने व्यवस्था निर्देशिकामा गरिएको छ ।

गाभिदा वा प्राप्ति कारणबाट बीमकको शाखा कार्यालय थपघट तथा मिलान गर्न पर्ने अवस्थामा कम्पनीहरुले बढीमा एक वर्षको समय प्राप्त गर्नसक्नेछन् । बीमक गाभिएकै कारण गाभ्ने बीमकको संचालक समितिमा प्रतिनिधित्व रहन नसक्ने अवस्था भएमा समितिको स्वीकृती लिएर थप संचालकको व्यवस्था गर्न सक्ने छ ।

# ज्योतिद्वारा खोटाङ र सिन्धुलीको अस्पताललाई बेबी वार्मर प्रदान

**काठमाडौं / मस** - ज्योति विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्वको निम्ति स्थापित "हाम्रो विकास प्रवर्द्धन कोष" मार्फत चिउरीडाँडा स्वास्थ्य चौकी-खोटाङ र कल्पवृक्ष स्वास्थ्य चौकी - सिन्धुलीलाई राष्ट्रिय आविष्कार केन्द्रद्वारा स्वदेशमै निर्मित बेबी वार्मर प्रदान गरेको छ । बैंकले यी अस्पतालहरुलाई नवजात शिशुको शारिरिक तापक्रम उचित राख्न प्रयोग हुने बेबी वार्मर प्रदान गरेको हो । चिउरीडाँडा स्वास्थ्य चौकीको प्राङ्गणमा आयोजित कार्यक्रममा बैंकका सञ्चालक समितिका सदस्य तथा हाम्रो विकास प्रवर्द्धन कोषका संयोजक सुरेन्द्र नेपालीले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं.७- खोटाङका वडा अध्यक्ष तथा स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष महन्त कुमार राईलाई सो बेबी वार्मर औपचारिक रुपमा हस्तान्तरण गरेका हुन् ।



साथै कल्पवृक्ष स्वास्थ्य चौकीमा आयोजित कार्यक्रममा बैंकका तर्फबाट सुरेन्द्र नेपालीले मरीण गाउँपालिका वडा नं.३, सिन्धुलीका वडा अध्यक्ष तथा स्वास्थ्य चौकी व्यवस्थापन समितिका विमर्श मोक्तानलाई सो बेबी वार्मर औपचारिक रुपमा हस्तान्तरण गरेका हुन् । कार्यक्रममा अस्पतालका डाक्टर, नर्स लगायत विभिन्न सम्बन्धित कर्मचारीहरुलाई बेबी वार्मर सञ्चालन सम्बन्धि विशेष तालिम पनि प्रदान गरिएको थियो । ज्योति विकास बैंकले हाल १११ शाखा कार्यालय, १ एक्सटेन्सन काउन्टर तथा ६२ वटा एटिएम मार्फत सेवा उपलब्ध गराउँदै आईरहेको छ ।

# कालोपत्रे सकियो, तर पुल निर्माण हुन सकेन

## स्थानीय बासिन्दा जोखिमपूर्ण यात्रा गर्न बाध्य

**राजेन्द्र महतो / मध्यान्ह**
सिरहा, ५ फागुन ।

हुलाकी सडकअन्तर्गत पुर्व बरियारपट्टीदेखि पश्चिम सिरहा सदरमुकामसम्मको सडकमा कालोपत्रे सकिए पनि गागन खोलामा पुल निर्माण हुन नसक्दा सिरहाका दर्जनौं भन्दा बढी गाउँका बासिन्दा जोखिमपूर्ण यात्रा गर्न बाध्य भएको छन् । निर्माण प्रारम्भ भएको एक वर्ष



समय बित्न लाग्दा पनि हाल सम्म पुल निर्माण नहुँदा सर्वसाधारणले जोखिमपूर्ण यात्रा गर्न बाध्य भएको स्थानीयबासीको गुनासो छ । अहिलेसम्म पुल निर्माणको १० प्रतिशत पनि काम नभएको स्थानीयवासीको भनाई रहेको छ ।

पुल निर्माणको जिम्मेबारी कम्पनी रोशन कन्ट्रक्सनले लिएको छ । निर्माण कम्पनीका आधिकारीक व्यक्ति रामकुमार साहसँग पुल निर्माणको ढिलाइबारे जिज्ञासा राख्दा पुल निर्माणबारे आफुले भर्खरै जिम्मेवारी लिएकाले सम्पुर्ण विषयवस्तुको बारेमा आफुलाई जानकारी नभएको बताए ।

# जेनेसले उठायो दोश्रो चरणको लगानी

**काठमाडौं / मस** - विजनेश अक्सिजन प्रा.लि.ले जेनेस सोलुसन प्रा.लि.मा १० लाख अमेरिकी डलर बराबरको लगानी गरेको छ । नेपालमा क्लाउड सेवा प्रदान गरिरहेको जेनेस सोलुसनले दुई चरणमा १० लाख अमेरिकी डलर प्राप्त गरेको हो । विजनेश अक्सिजनले जेनेसमा २०२१ जुनमा पहिलो चरण लगानी गरेको थियो । आशाजनक प्रतिफल र सम्भावनाहरु भएका कारण जेनेस सोलुसन प्रालिलाई विश्वभर डिजिटल रुपान्तरणको उदीयमान कम्पनीको रुपमा स्थापित गराउन विजनेश अक्सिजनले थप लगानी गरेको हो ।

विजनेश अक्सिजन प्रालि (बीओटु) नेपालको पहिलो निजी 'इक्विटी फन्ड' हो र यो इन्टरनेशनल फाइनान्स कर्पोरेसन (आईएफसी) को ग्लोबल एसएमई भेन्चर इनिसिएटिभको एउटा अंग हो । यसमा आईएफसीको बर्ल्ड बैंक ग्रुप, क्लाइमेट इन्भेस्टमेन्ट फन्ड (पीपीसीआर) र एफसीडीओको लगानी छ । यो लगानीलाई ह्वाइट लोटस सेन्टर प्रा.लि. को सहायक कम्पनी डब्लूएलसी भेन्चर प्रालिले व्यवस्थापन गरेको हो । विजनेश अक्सिजनबाट लगानी आएसँगै जेनेसले आफूलाई अन्तर्राष्ट्रियस्तरको बनाउनमा ध्यान केन्द्रित गर्ने जनाएको छ । नेपालमा आउने लगानीलाई हाम्रा जनशक्तिको क्षमता अभिवृद्धि र यहीँ अन्तर्राष्ट्रिय स्तरका प्रतिस्पर्धी प्राविधिक जनशक्ति विकास गर्ने कार्यमा प्रयोग गरिनेछ । जेनेसले हालसम्म नेपाल र अन्य मुलुकमा गरी एक हजार बढी व्यवसायको डिटिजल रुपान्तरणमा सहयोग गरिसकेको छ ।


## वेलवारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**वेलवारी, मोरङ**
**प्रदेश नं १, नेपाल**

### वेलवारी नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।



## Mudkechula Rural Municipality
## Office of the Rural Municipal Executive
**Narku Dolpa**
**Karnali Province**

### Invitation for Bids

**First Date of publication: 2078/11/06(2022/Feb/18)**

1. Mudkechula Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidder under National Competitive Bidding procedures.*(Eligibility Criteria is as stated in Evaluation & Eligibility Criteria and Worked experience Section III of Bid document.)*

| Contract Id | Description of Work | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| MRM/NCB/ WORKS/ 078-079/07 | Suppakuna Gupha constructions-07 | 10459822.5 | 300000 | 3000 |

2. Documents at the Mudkechula Rural Municipality, Narku Dolpa. Or Visit website of office at **www.Mudkechulamun.gov.np, email: ito.Mudkechulamun@gmail.com** phone: 9846605961 or may visit PPMO **website www.bolpatra.gov.np/egp.**
3. Bidder have only option to submit their bid electronically and may down load the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank :

**Name of the Bank : Ra.Ba Bank Ela, Dolpa**
**Name of Office : Mudkechula Rural Municipality**
**आन्तरिक राजश्व खाता. : 4520100301010002**

(a) Pre-bid meeting shall be not held.
(b) electronic bids must be submitted to the office Mudkechula Rural Municipality, Dolpa through PPMO **website www.bolpatra.gov.np/egp.** on or before 12:00 Noon on **2078/12/06(2022/Mar/20)** Bids received after this deadline will be rejected.
(c) The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 pm on **2078/12/06(2022/Mar/20)** at the Office of Mudkechula Rural Municipality, Dolpa. Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format in case of e-bid, The Bid security amount which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:

**Name of the Bank : Ra.Ba Bank Ela, Dolpa**
**Name of Office : Dolpa Rural Municipality**
**धरौटी खाता नं. : 4520100303000002**

(d) If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
(e) Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities.
(iv) The Employer reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: **०१–४२२६३६६, ०१–४२२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**